# कालिका नगरपालिका


# स्थानीय राजपत्र

खण्ड २, सङ्ख्याः १४ चितवन २०७६ भाद्र ६ गते सुक्रबार


**भाग-१**

## कालिका नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

**रेडक्रससग्राम,चितवनको सूचना**

कालिका नगर सभाबाट पारित तल लेखिए बमोजिमको कालिका नगरपालिकाको नगर प्रहरी (गठन र सञ्चालन) सम्बन्धी विधेयक, २०७६ स्थानीय सरकार सञ्चालन ऐन को १०२को दफा २०७४, उपदफा बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन (३) गरिएको छ।

# कालिका नगरपालिकाको नगर प्रहरी (गठन र सञ्चालन) सम्बन्धी विधेयक, २०७६

**प्रस्तावनाः**

नगरपालिका भित्र नगरपालिकाको नीति, कानून, मापदण्ड, तथा निर्णयको कार्यान्वयन, नगरपालिका एवम् सरकारी सम्पत्तीको सुरक्षा र संरक्षण, सरसफाई तथा सार्वजनिक स्थलको रेखदेख तथा नगरपालिकाको निर्णय र निर्देशनको पालना गराई स्थानीय सरकारको भूमीकालाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड क. मा व्यवस्था भएको काम, कर्तव्य र अधिकारको कार्यान्वयनका लागि नेपालको संविधानको धारा २२१ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कालिका नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम “ कालिका नगरपालिकाको नगर प्रहरी (गठन र सञ्चालन) ऐन, २०७६” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले कालिका नगरपालिका चितवनलाई सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाई, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(ङ) "कार्यपालिका" भन्नाले कालिका नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(च) "पदपूर्ती समिति" भन्नाले दफा १० बमोजिमको पदपूर्ती समिति सम्झनु पर्दछ ।

(छ) "स्थायी पद" नगरपालिकाको कानून बमोजिम म्याद नतोकिएको नगर सभाबाट स्वीकृत स्थायी प्रकृतिको पदलाई सम्झनु पर्दछ।

(ज) “नगर प्रहरी” भन्नाले यस ऐन बमोजिम कालिका नगरपालिकाद्धारा नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्छ ।

(झ) “भत्ता ” भन्नाले कालिका नगरपालिकाले समय समयमा तोकिदिएको भत्तालाई सम्झनु पर्छ।

(ञ) “पोषाक” भन्नाले कालिका नगरपालिकाले कर्मचारीको लागि तोके बमोजिमको पोषाक सम्झनु पर्दछ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले कालिका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ठ) “जवान” भन्नाले अधिकृत बाहेकका नगर प्रहरीलाई सम्झनु पर्छ।

(ड) “नगर सभा” भन्नाले कालिका नगरपालिकाको नगर सभालाई जनाउँछ।

(ढ) “प्रहरी ऐन” भन्नाले यसै ऐनलाई सम्झनु पर्छ।

(ण) “कार्यालय” भन्नाले कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(त) “नगर प्रहरी प्रमुख” भन्नाले कालिका नगरपालिकाको नगर प्रहरीहरुमध्ये प्रमुख भएर कामकाज गर्न तोकिएको कमाण्डर वा नगर प्रहरीलाई सम्झनु पर्दछ।

## परिच्छेद–२

## नगर प्रहरी सेवा गठन, सञ्चालन र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठनः** (१) नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ। नगर प्रहरीको संगठन संरचना र त्यसमा रहने प्रहरी कर्मचारीको संख्या नगर सभाले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रहरी सेवाको सञ्चालन र नियन्त्रय यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम र कार्यविधि बमोजिम हुनेछ।

(३) देहायका कार्यमा सहयोग पुऱ्याउनका लागि नगर कार्यपालिकाको कार्यालयले नगर प्रहरीको व्यवस्थापन र परिचालन गर्न सक्ने छ।

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड र निर्णय कार्यान्वयन,

(ख) नगरपालिकाको सम्पत्तीको सुरक्षा र संरक्षण,

(ग) स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज)) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनःस्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ्बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य।

४. **नगरपालिकाको प्रशासनिक नियन्त्रण रहनेः** (१) नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थापनको कुरा बाहेक अन्य कुरामा नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र नगर प्रहरीको सञ्चालनको जिम्मेवारी तोकिएको शाखा वा अधिकारीको प्रत्येक्ष रेखदेख र नियन्त्रणमा रहने छन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरीको सामान्य अनुशासन तथा खटन पटनका लागि नगर कार्यपालिकाको कार्यालयको निर्देशनमा नगर प्रहरी प्रमुखलाई जिम्मेवारी दिन सकिनेछ।

५. **नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुनेः** नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखको जिम्मेवारी पाएको नगर प्रहरी कर्मचारी मार्फत गर्नु पर्नेछ।

६. **कारवाही गर्दा परामर्श लिनु पर्नेः** कुनै पनि नगर प्रहरीलाई अनुशासनको कारवाही गर्दा वा विभागीय सजाय गर्दा नगर प्रहरी प्रमुखको परामर्श लिनु पर्नेछ। नगर प्रहरीको प्रमुखलाई नै

अनुशासनको कारवाही वा विभागीय सजाय गर्दा कार्यपालिकाको परामर्श लिनु पर्नेछ।

## परिच्छेद–३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**७. नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकारः**(१) नगर प्रहरीको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न पेश गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र दैनिक उत्सर्जन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने,

(ग) सार्वजनिक वा सरकारी जग्गा बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने र निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्न लगाई कार्यालयमा प्रतिवेदन पेश गर्ने। कार्यालयबाट भत्काउने आदेश भएमा भत्काउने।

(घ) नगरपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भएमा सो समेत राखी प्रतिवेदन दिने र मापदण्ड विपरित निर्माण भएको देखिएमा

भत्काउने आदेश भएपछि भत्काउन लगाउने वा भत्काउने।

(ङ) छाडा पशु पक्राउ गरि लिलाम गर्ने लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन गर्ने गराउने,

(च) स्वास्थ्यका लागि हानीकारक चिज वा सडेगलेका खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने। तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज बस्तु विक्री गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने। पटक पटक यस्तो कार्य दोहोऱ्याएमा जरीवाना वा पसल बन्द गराउन राय सहित कार्यालयमा प्रतिवेदन पेश गर्ने।

(छ) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु विक्री वितरणमा रोक लगाउने। अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय पेश गर्ने,

(ज) छाडा कुकुर नियन्त्रण सम्बन्धी नगरपालिकाको निर्णय कार्यान्वयन गर्ने र मरेका पशुहरुको समयमै गाड्न लगाउने । वेवारिसे भएमा कार्यालयमा खबर गरी तुरुन्तै व्यवस्थापन गर्ने।

(झ) खतरा उत्पन्न हुने रुख काट्न लगाउने। जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने।

(ञ) वडा समिति, टोल विकास संस्था  तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने।

(ट) नगर कार्यपालिका, नगर सभा, कार्यपालिकाका समितिहरु, कार्यपालिकाको कार्यालय, वडा समितिबाट लागु हुने नीति, निर्णय, मापदण्ड वा अन्य कानूनको लागु गराउने,

(ठ) नगरको सुव्यवस्था कायम गर्ने, नगरपालिकाको चल अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने,

(ड) इजाजत विना पेशा व्यवसाय गरेको फेला परेमा पेशा व्यवसाय दर्ता/नवीकरण गर्न लगाउने,

(ढ) नगरपालिका भित्र अनधिकृत रुपमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र निषेध गरिएका विज्ञापन वा प्रचार प्रसारका सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना गर्ने र सामग्री हटाउने,

(ण) विना ईजाजत व्यानर होडिङ बोर्ड, ग्लोबोर्ड, नियोनसाइन लगायतका अन्य विज्ञापन सामग्री राखेको पाईएमा पक्राउ गरी इजाजत लिन लगाउने नमानेमा जरीवाना गर्ने,

(त) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम अभ्यास आदि जस्ता कार्यक्रम नगरपालिकाको तर्फबाट तोकिए बमोजिम सहभागी हुने,

(थ) नाप तौलका सामग्रीहरुको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्ने,

(द) होटल, रेष्टुरेण्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निगरानी गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने,

(ध) नगरपालिका क्षेत्रमा सार्वजनिक स्थानमा जादु, सर्कस, जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने,

(न) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको पसलमा रोक लगाउने,

(प) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने,

(फ) शहरमा ध्वनी, धुवा, धुलो, प्रकाश अथवा कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने,

(ब) नगरपालिका क्षेत्रभित्रका निजी सुरक्षा गार्ड आपूर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने,

(भ) दमकल सेवालाई चौविसै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहभागी हुने र सहयोग गर्ने,

(म) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटिई जाने,

(य) नगरपालिका भित्रका पार्किङ स्थलको व्यवस्थापन गर्ने र अनधिकृत पार्किङ गरेको पाईएमा तुरुन्त सोही स्थानमा जरिवाना गर्ने वा सवारी नियन्त्रणमा लिई कारवाहीको लागि कार्यालयमा पेश गर्ने,

(र) नगरपालिका क्षेत्रभित्रका उद्यान तथा पार्कमा हुने गतिविधिहरुको निगरानी गर्ने र अमर्यादित र सुरक्षा संवेदनशील कार्य गर्न तत्काल रोक लगाउने,

(ल) नगरपालिका क्षेत्रभित्रका धार्मिक, ऐतिहासिक स्थल, पर्यटकीय स्थलहरुमा सरसफाई, तथा मेला पर्वमा भिड व्यवस्थापन गर्ने,

(व)) कार्यालय र नगरपालिकाको मेशिनरी तथा सम्पत्तिको सुरक्षाका लागि उक्त स्थानलाई सुरक्षा ड्युटी गर्ने

(श) नगर सभा, विषेश कार्यक्रमहरुको सुरक्षा तथा व्यवस्थापनको लागि खटिने,

(ष) न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यान्वयन गराउने, झगडिया वा साक्षीहरुलाई उपस्थित गराउने र आदेश अनुसारको रोक, दण्ड तथा जरीवाना गर्ने,

(ह) नगरपालिकाले जफत गरेको वा नियन्त्रणमा लिएको माल बस्तुको सुरक्षा गर्ने र आदेशानुसार व्यवस्थापन गर्ने,

(क्ष) नगरपालिका क्षेत्रभित्र खुला मदिरा उत्पादन वा विक्रिवितरणमा रोक लगाउने र ईजाजत विना मदिरा उत्पादन वा विक्रि वितरण गरेको पाईएमा पक्राउ गर्ने, जफत गर्ने, नष्ट गर्ने र जरिवानाको लागि कार्यालयमा पेश गर्ने,

(त्र) लागु औषध दुर्व्यसन, लागु औषध ओसारपसार, विक्रि वितरणको निगरानी गरी कारवाहीको लागि सम्बन्धित निकायमा बुझाउने वा खबर गर्ने,

(ज्ञ) नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा नगर प्रहरीले कार्यालयलाई यथासक्य छिटो सूचना दिई आदेश लिनु पर्नेछ ।यसरी नगर प्रहरीले आफ्नो जिम्मेवारी पालन गर्ने सिलसिलामा गरेको कार्य उपर मुद्दा परेमा वा विवाद भएमा त्यसको प्रतिरक्षा नगरपालिकाले गर्नेछ।

तर, कुनै नगर प्रहरीले आफ्नो व्यक्तिगत वा परिवार सँग सम्बन्ध राख्ने कुनै मामिलामा निजी स्वार्थ वा हितबाट प्रभावित भई गरेको कार्यमा नगरपालिकाले कुनै दायित्व वहन गर्ने छैन।

## परिच्छेद–४

## <u>तह, दरबन्दी सिर्जना र पदपूर्ती</u>

८. **नगर प्रहरीमा रहने पदहरुः** (१) नगर प्रहरीको संगठनात्मक संरचनामा देहायका पदहरु रहने छन्।

(क) नगर प्रहरी सहायक निरीक्षक

(ख) नगर प्रहरी हवल्दार

(ग) नगर प्रहरी जवान

(२) उपदफा (१) बमोजिमका पदहरुको संख्या नगर सभाबाट स्वीकृत भए बमोजिम हुने छन्।

९. **दरबन्दी सिर्जनाः** (१) नगरपालिकामा रहने नगर प्रहरीको दरबन्दीको सिर्जना र खारेजी नगर सभाबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम दरबन्दी सिर्जना गर्दा हरेक पदको कार्य विवरण तयार गरी नगर सभामा पेश गर्नु पर्नेछ।दरबन्दी थप गर्नुपर्दा मौजुदा जनशक्तिले सम्हाल्न नसकेको थप कार्यक्षेत्र वा कार्यवोझको विवरण, आर्थिक क्षमता र प्रस्तावित पदको लागि आवश्यक पर्ने वार्षिक र दीर्घकालिन दायित्व स्पष्ट उल्लेख गरी नगर सभामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) दरवन्दी खारजे गर्दा उक्त दरबन्दी खारेज गर्नु पर्नाको कारण, खारेज भए पश्चात उक्त कार्य गर्ने वैकल्पिक व्यवस्था र कार्यवोझ सन्तुलन गर्न अपनाउनुपर्ने उपायहरु समेत खोली प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) नगर सभाले दरवन्दी सिर्जना गर्दा स्थायी पदका लागि सिर्जना गर्नेछ। तर, उक्त दरबन्दीमा सेवा करार मार्फत पदपूर्ती गर्न सकिने छ र सेवा करार मार्फत नियुक्त भएका प्रहरी कर्मचारीहरुको सेवा शर्त सम्बन्धमा करारनामामा उल्लेख भए बमोजिम हुनेछ।

१०. **पदपुर्ती समितिः** (१) नगर प्रहरीको नियुक्तीका लागि छनौट तथा सिफारिश गर्न देहाय बमोजिमको पदपूर्ती समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) नगर क्षेत्रभित्र रहेका वा नगर क्षेत्र हेर्ने नेपाल प्रहरीको कम्तिमा प्रहरी निरीक्षक स्तरको प्रमुख वा प्रतिनिधि -सदस्य

(ग) नगरपालिकाको प्रशासन शाखा प्रमुख वा प्रशासन शाखा हेर्ने कर्मचारी -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ वा सम्बन्धित क्षेत्रको ज्ञान भएका व्यक्तीलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ।

(३) समितिले आफ्नो कार्यविधि आफै बनाई लागु गर्न सक्ने छ।

(४) उपदफा (१) बमोजिमको पदपूर्ती समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) रिक्त दरबन्दीमा नगर प्रहरीको पदपूर्तीका लागि छनौट र सिफारिश गर्दा अपनाउनु पर्ने कार्यविधि तय गर्ने,

(ख) नगरपालिकाको निर्णय बमोजिम पदपूर्ती गर्ने पदको प्रतिशत निर्धारण गरी विज्ञापन गर्ने,

(ग) खुल्ला प्रतियोगिताद्धारा पदपूर्ती हुने पदको पाठ्यक्रम तथा परीक्षाको किसिम निर्धारण गर्ने,

(घ) उम्मेदवारको उपयुक्तता परीक्षण र मूल्याङ्कन गर्ने,

(ङ) उम्मेदवार छनौटका आधारहरु, परीक्षणहरु र सिफारिश गर्ने आधारहरु निर्धारण गर्ने,

(च) उम्मेदवारको शारीरिक, वौद्धिक एवम् अन्य परीक्षण गर्ने तथा गराउने,

(छ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन,

(ज) नियुक्तिका लागि सिफारिश गर्ने।

**११. पदपूर्तीः** (१) नगरपालिकाले रिक्त रहेको दरबन्दी मध्ये देहाय बमोजिम पदपूर्ती गरिने छ ।

| क्र.सं. | पद | खुल्ला (प्रतिशत) | बढुवा (प्रतिशत) |
|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरीक्षक | - | १०० |
| २ | नगर प्रहरी हवल्दार | ३० | ७० |
| ३ | नगर प्रहरी जवान | १०० | - |

तर, पहिलो पटकको लागि नगर प्रहरी हवल्दारको पदमध्ये ६० प्रतिशत पदमा खुल्ला प्रतियोगिताद्धारा पदपूर्ती गरिने छ।

(२) खुल्ला प्रतियोगिताद्धारा पदपूर्ती गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पद मध्ये चालिस प्रतिशत पद छुट्याई सो पदसंख्यालाई सत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीचमा छुट्टाछुट्टै प्रतिश्पर्धा गराई पदपूर्ती गरिने छ ।

| | |
|---|---|
| (क) महिला | ४० प्रतिशत |
| (ख) आदिबासी/जनजाती | ३० प्रतिशत |
| (ग) सिमान्तकृत जाती | १५ प्रतिशत |
| (घ) दलित | १० प्रतिशत |
| (ङ) मधेसी | ५ प्रतिशत |

**स्पष्टीकरणः** यस ऐनको प्रयोजनका लागिः-

१. आदिबासी / जनजाती भन्नाले आदिबासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा सूचीकृत भएको जातीलाई बुझ्नु पर्दछ ।सो बाहेक थर भएका व्यक्तिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित भएको हुनु पर्नेछ।

२. सिमान्तकृत जाती भन्नाले नेपाल सरकारले सिमान्तकृत जाती हुन भनी तोकेको जातीलाई बुझाउने छ।

३. दलित भन्नाले राष्ट्रिय दलित आयोगबाट दलित भनी सूचीकृत भएको जातीलाई बुझाउने छ।

४. मधेसी भन्नाले नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सूचीकृत गरेको वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित भएको दलित जातीलाई बुझाउने छ।

(३) उपदफा (१) र (२) बमोजिम पदको प्रतिशत निर्धारण गर्दा एक भन्दा कम घाताङ्क (प्रयाक्सन) आएमा त्यस्ता घाताङ्क जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(४) उपदफा (२) बमोजिमको पदमा कुनै बर्षमा विज्ञापन भई कुनै पनि उम्मेदवार सिफारिश हुन नसकेमा वा दरखास्त नपरी आवश्यक संख्यामा पदपूर्ती हुन नसकेमा त्यसरी पदपूर्ती हुन नसकेको पद संख्या खुल्ला प्रतियोगितामा समावेश गरी उत्तीर्ण गरेका उम्मेदवारहरु मध्येबाट पूर्ती गरिनेछ।

(५) पदपूर्ती समितिबाट सिफारिश भई आएमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ती दिनेछ ।

**१२. योग्यताः** (१) नगर प्रहरीको देहायका पदमा पदपूर्तीका लागि आवेदन दिनका लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछ।

(क) नगर प्रहरी सहायक निरीक्षक पदको लागिः

(१) दरखास्त दिने अन्तिम मितिसम्म २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको,

(२) स्वीकृत विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण,

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(४) कुनै राजनीतिक दल वा समूहको सदस्यता नरहेको,

(५) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,

(६) महिलाको लागि कम्तिमा पाँच फुट र पुरुषको लागि कम्तिमा पाँच फुट दुई इन्च उचाई भएको,

(७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,

(८) आखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणित भएको,

(१०) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(ख) नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानको खुल्ला प्रतियोगिताद्धारा पदपूर्तीका लागिः

(१) दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको र बहालवालाप्रहरीको हकमा ३५ बर्ष ननाघेको,

(२) स्वीकृत विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवेशिका वा सो सरह उत्तीर्ण,

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(४) कुनै राजनीतिक दल वा समूहको सदस्यता नरहेको,

(५) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,

(६) महिलाको लागि कम्तिमा पाँच फूट र पुरुषको लागि कम्तिमा पाँच फुट दुई इन्च उचाई भएको,

(७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,

(८) आखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणित भएको,

(१०) नेपाली नागरिकता प्रमाण पत्र भएको ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पहिलो पटक नगर प्रहरी गठन गर्ने प्रयोजनको लागि नेपाली सेना वा नेपाल सशस्त्र प्रहरी बल वा नेपाल प्रहरी सेवाबाट निवृत्त भएका व्यक्तिको अनुभव र क्षमतालाई उपयोग गर्न त्यस्ता सेवा निवृत्त भएका व्यक्तिहरुबाट नगर प्रहरी हवल्दार वा नगर प्रहरी जवान पद मध्ये कुनै एक पदमा एक जना मात्र नियुक्ती गर्न सकिने छ।यसरी नियुक्ति गर्दा उपदफा (१) बमोजिम उमेर र शैक्षिक योग्यताका कारण मात्र नियुक्ती गर्न बाधा पर्ने छैन।

१३. **संक्षिप्त सूची प्रकाशन गर्न सक्नेः** (१) छनौट प्रक्रियालाई सरलीकरण गर्न पदपूर्ती समितिले खुल्ला प्रतियोगिताद्धारा पदपूर्ती गर्नका लागि गरिएको विज्ञापनमा परेका आवेदनहरु मध्येबाट देहाय बमोजिमका आधारमा संक्षिप्त सूची प्रकाशन गर्न सक्ने छ।

(क) शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत

(ख) स्थानीय वापतको प्राथमिकता

(ग) कार्य अनुभव तथा नेपाल सरकारबाट प्राप्त पदक वा कुनै सम्मान

(२) संक्षिप्त सूची प्रकाशन सम्बन्धी अन्य कार्यविधि पदपूर्ती समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि पदपूर्ती समितिले उपयुक्त ठानेमा संक्षिप्त सूची प्रकाशन नगरी सबै

आवेदन कर्ताहरुलाई प्रतिश्पर्धामा सहभागी गराउने गरी निर्णय गर्न कुनै बाधा पर्ने छैन।

१४. **योग्यताक्रम सूची तयार गर्नेः** (१) उम्मेदवारको शारीरिक परीक्षण, बौद्धिक परीक्षण तथा अन्य परीक्षणहरु र अन्तर्वार्तामा प्राप्त गरेको अङ्कका आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ती समितिले नियुक्तिका लागि सिफारिश पेश गर्नेछ । कूल रिक्त पदको बढीमा बीस प्रतिशत योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिने छ।

(२) उपदफा (१) बमोजिमको योग्यताक्रमको सूची अनुसार नियुक्तिका लागि पदपूर्ती समितिले नगर कार्यपालिकाको कार्यालयलाई सिफारिश गरि पठाउने छ ।

(३) उपदफा (२) बमोजिम सिफारिश भएका उम्मेदवारलाई नगर कार्यपालिकाको कार्यालयले पैतिस दिन भित्र नियुक्ति पत्र दिनेछ।

(४) काबु बाहिरको परिस्थिति परेको पूर्व सूचना वा जानकारी गराएकोमा बाहेक पदपूर्ती समितिले सिफारिश गरेको कुनै उम्मेदवार उपदफा (३) बमोजिमको अवधिसम्म पनि नियुक्ती लिन नआएमा कार्यालयले उपदफा (१) बमोजिमको योग्यताक्रम सूचीको वैकल्पिक उम्मेदवारलाई नियुक्ति लिन आउने पन्ध्र दिनको सूचना दिई नियुक्ती गर्न सक्ने छ ।

(५) वैकल्पिक उम्मेदवारले एक बर्षसम्म पनि नियुक्ती प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

१५. **जेष्ठताक्रम कायम गर्नेः** नगर प्रहरीको जेष्ठताक्रम कायम गर्दा नियुक्ति मितिका आधारमा गरिने छ। नियुक्ति मिति एकै दिन भएमा दफा ११ बमोजिमको योग्यताक्रम अनुसार कायम गरिने छ ।

१६. **परीक्षणकालः** नगर प्रहरीको नियुक्ती मितिले एक बर्षको परीक्षणकाल रहनेछ ।

## परिच्छेद–५

## सरुवा तथा बढुवा

१७. **सरुवा सम्बन्धी व्यवस्थाः** (१) नगर प्रहरी सहायक निरीक्षकको सामान्यतया कार्यक्षेत्र नगर क्षेत्रभरी रहनेछ। नगर प्रहरी हवल्दारको सरुवा नगर प्रहरी सहायक निरीक्षकको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिका क्षेत्रभित्र गर्न सक्ने छ।

(२) नगर प्रहरी जवानको सरुवा प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा नगर प्रहरी सहायक निरीक्षकले गर्नेछ ।

१८. **बढुवाः** (१) पदपूर्ती समितिको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले बढुवा गर्नेछ।

१९. **बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेः** (१) नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी हवल्दारको पदमा बढुवा हुनको लागि एक तह मुनिको पदमा कम्तिमा पाँच बर्षको अवधि पुगेको हुनु पर्नेछ ।

तर, नगर प्रहरी सहायक निरीक्षकको पदमा बढुवा हुनको लागि उक्त पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हुनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारीको बढुवाको लागि सम्भाव्य उम्मेदवार बन्न सक्ने छैन।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा घटुवा भएको मितिले दुई बर्ष सम्म,

(घ) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो तहको शुरु तलब स्केलमा वा सोही तहको शुरु स्केलमा घटुवा भएकोमा त्यस्तो घटुवा भएको मितिले एक वर्ष सम्म,

(ङ) कार्यरत पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक बर्ष सम्म

२०. **बढुवाको लागि मूल्याङ्कनको आधारः** (१) नगर प्रहरी कर्मचारीलाई बढुवा गर्दा यस ऐन बमोजिम बढुवा गर्दा देहायको आधारमा मूल्याङ्कन गरी प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम कायम गरी सोको आधारमा बढुवा गरिने छ।

(क) नोकरीको जेष्ठता

(ख) कार्यसम्पादन मूल्याङ्कन

(ग) शैक्षिक योग्यता

(घ) तालिम

(२) जेष्ठताको अङ्क गणना गर्दा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक बर्षको २ अङ्कका दरले बढीमा २० अङ्क प्रदान गरिने छ। यसरी अङ्क प्रदान गर्दा एक बर्ष भन्दा कम चानचुन अवधिका लागि दामासाहीका हिसाबले अङ्क दिईने छ । नोकरीको अवधि गणना गर्दा असाधारण विदा र गयल कट्टी भएको अवधि कट्टा गरिने छ ।

(३) कार्य सम्पादन मूल्याङ्कन बापत बढीमा ५० अङ्क दिईने छ । कार्य सम्पादन मूल्याङ्कन फाराममा सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले दिएको अङ्कको योगफललाई आधार मानी मूल्याङ्कन गरिने बर्ष भन्दा लगतै पछिल्ला पाँच बर्षको कार्य सम्पादन मूल्याङ्कनको अङ्कको औषत अङ्कलाई अनुपातिक रुपमा पचाँस पूर्णाङ्कमा कायम गरी गणना गरिने छ।

(४) शैक्षिक योग्यता वापत बढीमा २० अङ्क दिइने छ र त्यस्तो योग्यता वापतको अङ्कको गणना देहाय बमोजिम गरिने छ।

(क) बहाल रहेको पदको लागि आवश्यक न्यूनतम योग्यता भएमा १० अङ्क

(ख) बहाल रहेको पदको न्यूनतम योग्यता भन्दा माथिल्लो एउटा उपाधीको लागि १०
अङ्क

(५) शैक्षिक योग्यता बापतको अङ्क दिँदा विशिष्ट श्रेणीको लागि १०, प्रथम श्रेणीको लागि ८ अङ्क, द्वितीय श्रेणीको लागि ६ अङ्क र तृतीय श्रेणीको लागि ५ अङ्क प्रदान गरिनेछ ।

(६) तालिम बापतको अङ्क दिदा तालिमको प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमशः १०, ८ र ६ अङ्क प्रदान गरिनेछ।

तर, एक महिना भन्दा कम अवधिको तालिम बढुवा प्रयोजनको लागि मूल्याङ्कनमा समावेश गरिने छैन।

(७) यस दफा बमोजिम मूल्याङ्कन गर्दा अङ्क समान आएमा समान अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको बहाल रहेको पदमा नियुक्तिका मितिले जेष्ठताका आधारमा योग्यताक्रम निर्धारण गरिने छ।

(८) उपदफा (७) बमोजिमको योग्यताक्रम निर्धारण गर्दा बहाल रहेको पदमा नियुक्तिका मितिले जेष्ठता समेत समान भई योग्यताक्रम निर्धारण हुन नसकेमा एक तह मुनिको पदमा नियुक्तिका मितिले जेष्ठताका आधारमा योग्यताक्रम निर्धारण हुनेछ।

(९) उपदफा (७) र उपदफा (८) बमोजिम योग्यताक्रम एकिन हुन नसकेमा आधारभूत तालिमको अङ्कको आधारमा योग्यताक्रम निर्धारण गरीने छ।

२१. **बढुवाको सिफारिश र पुनरावलोकनको लागि उजुरीः** (१) दफा १७ बमोजिम बढुवाको लागि मूल्याङ्कन गरी कायम योग्यताक्रमका आधारमा पदपूर्ती समितिले बढुवाको लागि कार्यालयलाई सिफारिश गर्नेछ ।यसरी सिफारिश गरेको कुरा दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पदपूर्ती समितिले गरेको सिफारिश उपर चित्त नबुझेमा वा कुनै उम्मेदवारको विरुद्ध उजुरी गर्नु परेमा सिफारिश भएको सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा प्रमाण सहित उजुरी दिन सक्ने छन्।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र उजुरी नपरेमा प्रमुख प्रशासकीय अधिकृतले पन्ध्र दिन भित्र बढुवा गरी बढुवाको नियुक्ति दिनु पर्नेछ ।यसरी नियुक्ति दिंदा उपदफा (२) को अवधि समाप्त भएको भोलिपल्टको मितिबाट जेष्ठता लागु हुने गरी नियुक्ति दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको अवधिमा कुनै उम्मेदवार वा सिफारिश उपर उजुरी परेमा नगर कार्यपालिकाले एक समिति गठन गरी छानविन गराई ३० दिन भित्र

योग्यताक्रम संशोधन हुने वा नहुने एकिन गरी संशोधन हुने देखिएमा सोही व्यहोरा खुलाई योग्यताक्रम संशोधनको लागि पदपूर्ती समितिलाई निर्देशन दिनेछ।

(५) उपदफा (४) बमोजिमको समितिले छानविन गर्दा समेत योग्यताक्रम परिवर्तन हुने नदेखिएमा लगतै अर्को बढुवाको मूल्याङ्कनमा उजुरीकर्ताको मूल्याङ्कनको अङ्कबाट एक नम्बर घटाइने छ। यसरी सिफारिशको योग्यताक्रम फरक नपर्ने भएमा नगर कार्यपालिकाले बढुवा गरी नियुक्ति दिँदा उपदफा (३) बमोजिम जेष्ठता लागु हुने गरी नियुक्ति दिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम छानविनबाट सिफारिशको योग्यताक्रम संशोधनको लागि कार्यपालिकाबाट लेखी आएमा पदपूर्ती समितिले सात दिन भित्र सिफारिशको योग्यताक्रम संशोधन गरी बढुवाको लागि सिफारिश गर्नु पर्नेछ।

## परिच्छेद–६

## विदा

**२२. विदाः** (१) नगर प्रहरीले देहाय बमोजिमको विदाहरु पाउने छन् ।

(क) भैपरी आउने र पर्व विदा

(ख) घर विदा

(ग) विरामी विदा

(घ) किरिया विदा

(ङ) प्रसुती विदा

(च) सट्टा विदा

(छ) अध्ययन विदा

(ज) असाधारण विदा

(झ) प्रसुती स्याहार विदा

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरीले विदा अधिकारको रुपमा दावी गर्न पाउने छैन।

(३) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजविजबाट विदा दिन अथवा नदिन पनि सक्ने छ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

२३. **भैपरी आउने र पर्व विदाः** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउनेछ।

(२) भैपरी आउने तथा पर्व विदा एक बर्षको विदा अर्को बर्षमा सार्न वा सञ्चित हुने छैन।

(३) भैपरी आउने विदा पूर्व स्वीकृत गराई लिनुपर्नेछ ।काबु बाहिरको परिस्थिति परी पूर्व स्वीकृत गराउन नसकेमा  विदा स्वीकृत गर्ने अधिकारीलाई जानकारी गराई विदा समाप्त भए लगतै स्वीकृत गराउन सक्ने छ।

(४) भैपरी आउने र पर्व विदाको अवधिमा नगर प्रहरी कर्मचारीले पुरा तलब, भत्ता, राशन पाउनेछ।

(५) शनिवार बाहेक भैपरी आउने र पर्व विदा लिएको अवधिमा परेका अन्य विदाहरु यसै अवधिभित्रै गणना हुनेछ।

**२४. घर विदाः** (१) नगर प्रहरी कर्मचारीले १२ दिन काम गरे बराबर १ दिनका दरले घर विदा पाउनेछ।

(२) घर विदा बढीमा १८० दिन सम्म सञ्चित राख्न सकिने छ ।

(३) नगर प्रहरी कर्मचारीलाई बर्षमा एक पटक घर विदा जाँदा र विदा भुक्तानी गरी घरबाट आफ्नो कार्यालयमा आउँदा हिड्नु पर्ने भएमा ७ कोशको निमित्त एक दिनका दरले तथा मोटर,रेल बाटोको लागि लाग्ने दिन बराबरको अवधि बाटो म्याद दिन सकिनेछ।

(४) भ्रष्टचारको कसुरमा दोषी ठहर भएका कारणबाट बाहेक जुनसुकै रुपले सेवाबाट हट्ने नगर प्रहरी कर्मचारीलाई निजको बढीमा एक सय असी दिनसम्मको घर विदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलबको दरले हुन आउने रकम एकमुष्ठ पाउनेछ।

(५) घर विदाको अवधिमा नगर प्रहरी कर्मचारीले पुरा तलब, भत्ता, राशन पाउने छ।

(६) निलम्बनमा रहेका नगर प्रहरी कर्मचारीले सो अवधिभरको घरविदा, राशन भत्ता र पोशाक भत्ता पाउने छैन।

(७) घर विदा लिएको अवधिमा परेका शनिवार र अन्य विदाहरु पनि विदा अवधिभित्रै गणना हुनेछ।

**२५. विरामी विदाः** (१) प्रत्येक नगर प्रहरीले प्रत्येक बर्षको १२ दिन बिरामी विदा पाउने छ ।

तर, कार्यालयको काममा खटिएको बखत वा कार्यालयको कामको सिलसिलामा विरामी परी अस्पतालमा भर्ना भई उपचार गराउँदा चिकित्सकले काम गर्न नसक्ने भनी गरेको सिफारिश बमोजिम थप अवधि विरामी विदा दिन सकिने छ। यस्तो विदा निजको सञ्चित विरामी विदाबाट कट्टी गरिने छ।

(२) नगर प्रहरी बिरामी भई उपचारको गर्दा सञ्चित विदाले समेत अपुग हुने भएमाबढीमा १२ दिनसम्म पेश्की विदा दिन सकिने छ।

(३) प्रहरी कर्मचारीलले विरामी विदा सञ्चित गर्न सक्ने छ र भ्रष्टचार सम्बन्धी कसुरमा दोषी ठहरेको कारणबाट बाहेक जुनसुकै कारणबाट सेवाबाट अलग भएमा निजले सञ्चित विरामी विदा वापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाई आएको मासिक तलबका दरले हुन

आउने रकम एकमुष्ठ पाउने छ। सञ्चित विदाको रकम लिन नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले सो वापतको रकम एकमुष्ठ पाउनेछ।

(४) सात दिन भन्दा बढी अवधिको विरामी विदा एकैपटक लिनु परेमा चिकित्सकको सिफारिश वा प्रेस्क्रिप्सन पेश गर्नु पर्नेछ।

(५) कुनै ठूलो वा कडा रोग लागि सो कुरो स्वीकृत चिकित्सकले प्रमाणित गरी दिईएको प्रमाणपत्र पेश गरेमा नगर प्रहरी कर्मचारीलाई बढीमा ४५ दिनसम्म थप विरामी विदा दिन सकिने छ। यस्तो विदा कर्मचारीको सञ्चित भएको विरामी विदा वा पाक्ने विरामी विदाबाट कट्टा गरिनेछ।

(६) उपदफा (५) बमोजिमको विदाले नपुग भई थप विदा दिनु परेमा नेपाल सरकारले
तोकेको मेडिकल बोर्डको सिफारिशमा नगर प्रहरी कर्मचारीले असाधारण विदा लिन सक्ने
छ।

(७) उपदफा (५) बमोजिमको पेश्की विदा लिएको कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको विरामी विदा स्वतः मिनाहा हुनेछ।

(८) निलम्बनमा रहेको नगर प्रहरीको सो अवधिभरको विरामी विदा पाउने छैन।

(९) विरामी विदाममा रहेको अवधिको पुरा तलब, भत्ता र राशन पाउनेछ।

२६. **किरिया विदाः** (१) नगर प्रहरी आफै किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया विदा पाउने छ। महिला नगर प्रहरीको पति किरिया बस्नु परेमा महिला नगर प्रहरीलाई समेत किरिया विदा दिन सकिनेछ।

(२) किरिया विदाममा रहेको अवधिको पुरा तलब, भत्ता र राशन पाउने छ।

२७. **प्रसुती विदाः** (१) महिला नगर प्रहरीले सेवा अवधिमा बढीमा दुई पटक सम्म सुत्केरी हुनु अघि वा पछि ९० दिनसम्म प्रसुती विदा पाउने छन्।

(२) प्रसुती विदा बस्ने महिला नगर प्रहरी कर्मचारीले पुरा तलब, भत्ता र राशन पाउने छ।

(३) प्रसुती विदाको अभिलेख सम्बन्धित कार्यालयले अध्यावधिक गरी व्यवस्थित गर्नु पर्नेछ।

(४) प्रसुती विदा बस्ने नगर प्रहरीले दुई महिनाभित्र शिशुको जन्म दर्ताको प्रमाणपत्र पेश गर्नु पर्नेछ। अन्यथा निजको सञ्चित विदाबाट कट्टी गरिने छ र सञ्चित विदाले नपुग भएमा गयल कट्टी गरिनेछ।

२८. **प्रसुती स्याहार विदाः** (१) पत्नी प्रसुती भएको पुरुष नगर प्रहरीले सेवा अवधिभर बढीमा दुई पटक सुत्केरी हुनु अघि वा पछि गरी पन्ध्र दिन प्रसुती स्याहार विदा पाउने छ।

(२) प्रसुती स्याहार विदामा बस्ने नगर प्रहरी कर्मचारीले त्यस्तो विदा अवधिको पुरा तलब, भत्ता र राशन पाउने छ।

(३) प्रसुती स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाण पत्र पेश गर्नु पर्नेछ। अन्यथा निजको सञ्चित विदाबाट कट्टी गरिने छ र सञ्चित विदाले नपुग भएमा गयल कट्टी गरिने छ।

२९. **सट्टा विदाः** (१) सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरीलाई आलो पालो मिलाई सम्बन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्ने छ। तर यस्तो विदा एक पटकमा चार दिन भन्दा बढी हुने छैन।

(२) सट्टा विदा हरेक बर्ष सञ्चित हुने छैन।

३०. **अध्ययन विदाः** (१) नगर प्रहरीको सेवालाई आवश्यक पर्ने विषयमा स्थानीय निकायलाई प्राप्त भएको छात्रवृत्तिमा मन्त्रालयको स्वीकृति लिई खुला प्रतियोगिता वा अन्तर स्थानीय निकाय प्रतियोगितामा वा स्थानीय तहबाट मनोनयन भई अध्ययन गर्न जाने नगर प्रहरी कर्मचारीले आफ्नो सेवाकाल भरिमा पटक पटक वा एकै पटक बढीमा तीन बर्ष अध्ययन विदा पाउन सक्ने छ।

(२) अध्ययन विदामा बसेको नगर प्रहरीले सो अवधिको तलब, भत्ता वा राशन भत्ता पाउने छैन।

(३) तीन बर्ष सेवा अवधि नपुगी कुनै पनि नगर प्रहरी कर्मचारीले अध्ययन विदा पाउने छैन।

(४) अध्ययन विदामा बसेको नगर प्रहरी कर्मचारीको विदाको अवधि सेवा अवधिमा गणना गरिनेछ।

**३१. असाधारण विदाः** (१) नगर प्रहरी कर्मचारीले असाधारण विदा लिनु पर्दा विदा लिनु पर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा नगरपालिकाले एक पटकमा एक बर्ष नबढाई सेवा अवधिभरमा तीन बर्ष असाधारण विदा दिन सक्ने छ।

(२) असाधारण विदामा बसेको नगर प्रहरी कर्मचारीले सो अवधिको तलब, भत्ता वा राशन पाउने छैन।

(३) असाधारण विदामा बसेको अवधि नगर प्रहरीको सेवा अवधिमा गणना हुने छैन।

(४) असाधारण विदामा बसेको नगर प्रहरी कर्मचारी विदाको अवधि समाप्त नहुँदै कार्यालयमा काममा फर्कन चाहेमा बाँकी रहेको असाधारण विदाको अवधि अभिलेखबाट घटाई विदा अवधि छोट्याउन सक्ने छ।

(५) निजी प्रयासमा अध्ययन गर्न जान चाहने नगर प्रहरी कर्मचारीले दुई बर्षको सेवा अवधि पुरा गरे पछि उपदफा (१) को अधिनमा रही असाधारण विदा लिन सक्ने छन्।

**३२. अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिनेः** (१) कुनै नगर प्रहरी कर्मचारीले विदा लिई संयुक्त राष्ट्र संघ र यसका विशिष्ट संस्थाहरु, सार्क संगठन तथा नेपाल सदस्य रहेको कुनै अन्तर्राष्ट्रिय वा क्षेत्रीय संगठन, रेडक्रस सोसाइटी, लायन्स क्लब जस्ता मानवीय कार्य गर्ने संस्थाहरु, अन्तर्राष्ट्रिय सुरक्षा सम्बन्धी कार्य गर्ने संस्थाहरुमा सेवा गर्न जान चाहेमा त्यस्तो संस्थाले छनौट गरेको वा निमन्त्रणा गरेको प्रमाण सहित निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै नगर प्रहरी कर्मचारीले निवेदन दिएमा नगरपालिकालाई उचित लागेमा निजको असाधारण विदाबाट कट्टा हुने गरी विदा दिन सक्नेछ। यसरी विदामा बसेको कर्मचारीले तलब, भत्ता र राशन पाउने छैन।

**३३. विदा लिने विधिः** (१) विदाको माग गर्दा नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको विदाको अवधि र किसिम उल्लेख गरी विदा लिनु पर्नाको कारण समेत उल्लेख गरी विदा स्वीकृत गर्ने अधिकारी समक्ष लिखित निवेदन दिनु पर्नेछ।

(२) नगर प्रहरी प्रमुख बाहेकको अधिकारीबाट विदा स्वीकृत गराउनु पर्दा नगर प्रहरी प्रमुखको सिफारिश आवश्यक पर्नेछ।

(३) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मिति भन्दा अघिको मिति देखि लागु हुने गरी विदा स्वीकृत गर्न सक्ने छ।

(क) विदा लिनु पूर्व विदा दिने अधिकारीको पूर्व स्वीकृति लिन सम्भव थिएन भन्ने,

(ख) पूर्व स्वीकृति प्राप्तीको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने,

(४) अध्ययन विदाको लागि निवेदन दिँदा अरु कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः

(क) आफूले अध्ययन गर्न चाहेकका विषयको विवरण,

(ख) अध्ययन गरिने विश्वविद्यालय, संस्था वा प्रशिक्षण केन्द्रमा प्रवेश गर्ने स्वीकृति प्राप्त भएको कागजात

(ग) बैदेशिक अध्ययन भए सम्बन्धित देशको भिसा वा प्रवेशाज्ञा प्राप्त गरेको प्रमाण

३४. **विदा दिने अधिकारीः** (१) विदा स्वीकृत गर्ने अधिकारी देहाय बमोजिमको हुने छन्।

| <u>**विदाको किसिम**</u> | <u>**विदा स्वीकृत गर्ने अधिकारी**</u> |
|---|---|
| (क) भैपरी आउने र पर्व विदा | नगर प्रहरी प्रमुख |
| (ख) घर विदा | -प्रमुख प्रशासकीय अधिकृत |
| (ग) विरामी विदा | -प्रमुख प्रशासकीय अधिकृत |

(घ) प्रसूति विदा -प्रमुख प्रशासकीय अधिकृत

(ङ) किरिया विदा -प्रमुख प्रशासकीय अधिकृत

(च) अध्ययन विदा -नगर कार्यपालिका

(छ) असाधारण विदा -नगर कार्यपालिका

(ज) अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिने -नगर कार्यपालिका

(२) नगर प्रहरी प्रमुखले उपदफा (१) को खण्ड (क) बमोजिमको विदा लिनु पर्ने भएमा त्यस्तो विदा प्रमुख प्रशासकीय अधिकृतले विदा स्वीकृत गर्नेछ।

**३५. विदा परिणत नहुने:** यस ऐन बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत गराई त्यस्तो विदा पछि किरिया विदा वा प्रसुति विदा बाहेक कुनै अर्को किसिमको विदामा परिणत गर्न पाईने छैन।

**३६. सार्वजनिक विदा गाभिने:** भैपरी आउने र पर्व विदा बाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा अवधिमा कुनै सार्वजनिक विदा परेमा वा विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएकोमा सो सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने दिनमा कार्यालयमा हाजिर हुन नआएमा त्यस्तो सार्वजनिक विदा समेत लिईएको विदामा गाभिनेछ।

**३७. कार्यालयमा अनुपस्थित हुने उपर कारवाही:** (१) विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई

गयल गरी गयल भएको अवधिको तलब, भत्ता र राशन कट्टी गरिनेछ।

(२) उपदफा (१) बमोजिम गयल कट्टी भएमा सोको अभिलेख राख्नु पर्नेछ र सो अवधि सेवा अवधिमा गणना हुने छैन।

३८. **विदाको अभिलेखः** विदा दिने अधिकारीले आफ्नो मतहतका सवै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन तथा संगठन विकास विभागलाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ।

३९. **निकासा लिन नभ्याएमाः** कुनै नगर प्रहरी कर्मचारीलाइ आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा वस्न लिखित आदेश दिइ त्यसको सुचना  विदा दिने अधिकारी समक्ष पठाउनु पर्छ।

४०. **गयल खालि जनाउनेः** कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ विदा स्वीकृत गर्ने अधिकारी समक्ष पठाइ सकेपछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्विकृत हुनु पर्ने व्यहोरा दर्साइ आफु गयल परेको सूचना पाएको मितिले १५ दिन भित्र आफुलाई गयल गर्ने अधिकारी भन्दा एक तह माथिको अधिकारी समक्ष प्रतिवेदन दिन सक्ने छ ।सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित

अधिकृतले विदा स्विकृत गरी थमौती गर्न विदा स्वीकृत गर्ने अधिकारीलाई निर्देशन दिन सक्ने छ।

४१. **झुठो कारण देखाएमा सजाय हुनेः** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा वा प्रसुति विदा लिइ बसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायाको भागी हुनेछ।

४२. **तालिम अवधिमा विदाः** यस नियमावलीमा अन्यत्र जुनसकै कुरा लेखियको भए तापनि तालिम अवधि भर सार्वजनिक विदा र किरीया विदा वाहेक साधारणतया अरु कुनै विदा दिइने छैन।

## परिच्छेद -७

## आचरण

४३. **दान उपहार लिन नपाउनेः** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको सदस्य समेत नगरको पूर्व स्वीकृति विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन।

४४. **चन्दा लिन नहुनेः** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निम्ति कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्रप्त गर्ने काममा समेत भागलिन हुदै।

४५. **अचल सम्पत्ति खरीद गरेको जानकारी दिनु पर्नेः** कुनै पनि नगर प्रहरीले आफ्नो वसोवासको निमित्त चाहिने बाहेक आफ्नो वा

आफनो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गरेमा सोको जानकारी नगरपालिकालाई गराउनु पर्नेछ।

४६. **सम्पत्तिको विवरण दिनु पर्ने:**(१) हाल वहालमा रहेको नगर प्रहरी कर्मचारीले यो विनियमावली लागु भएको तीन महिना भित्र नयाँ नियुक्ती भएका नगर प्रहरी कर्मचारीले नियुत्ती भएको तीन महिना भित्र नगरपालिकाले तोकेको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्यक अचल सम्पत्ति र शेयर वैंक मौज्दातको विवरण

(ख) आफुसँग वा आफ्नो नाममा रहेको नगद जवाहरात सुन चाँदीको अन्दाजी मूल्य

(२) उपनियम (१) बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको मुख्य व्यक्तिको नाममा निजसँग रहेको सम्पत्ति विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(३) आफ्नो सम्पतिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

४७. **व्यापार व्यवसाय गर्न नहुने:** कुनै पनि नगर प्रहरी कर्माचारीले कार्यालयको स्वीकृती वेगर देहायको काम गर्नु हुदैनः

(क) कुनै व्यापार गर्न

(ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(ग) कुनै व्यवसाय चलाउन।

**४८. नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले नगरपालिका द्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय वा गैरसरकारी संघ संस्थाबाटट प्राप्त गरेको वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैर सरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाइ जानकारी दिनु हुदैन।

**४९. रेडियो वा पत्रिकामा सम्पर्क राख्न नहुनेः** नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति विना कुनै पत्रिकामा आफनो वास्तविक वा काल्पनिक नाम बाट अथवा वेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रशारण गर्न हुदैन। तर, यस्तो प्रकाशन वा प्रसारण साहित्यिक कलात्मक ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा त्यस्तो स्वीकृती लिइरहनु पर्दैन र प्रकाशन र प्रसारण गरेपछि जाहेरी गर्नु पर्छ।

**५०. नगरपालिकाको आलोचना गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीति विरुद्ध हुने गरी वा नकारात्मक असर पर्ने गरी अथवा नगरवासीमा खलल् पुग्नेगरी भाषण, सम्वाद, लेख, रचना प्रकाशन, प्रसारण वा बाचन गर्नु हुदैन।

**५१. निर्वाचनमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनैतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारको प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न वाधा पर्ने छैन।

**५२. राजनितिमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्वन्धित संस्थाको सदस्य वन्न, राजनीतिक सभा, जुलुस वा बैठकमा भाग लिन, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई साहायताको निम्ति चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुदैन।

**५३. समय पालन वा नियमितताः** नगर प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनु पर्दछ । साधारणतया पहिले विदाको निकासा नलिइ काममा अनुपस्थित हनु हुदैन।

**५४. अनुशासन र आज्ञापालनः** (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तब्य तत्परताका साथ पालना गर्नु पर्छ

(२) नगर प्रहरी कर्चारीले आफ्नो कार्यालयको काम सम्वन्धी कुरामा आफु भन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकताका साथ पालना गर्नु पर्दछ।

(३) नगर प्रहरी कर्मचारीले आफु भन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्दछ।

**५५. नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले आफनो नोकरी सम्बन्धी कुरामा आफु भन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न प्रयत्न गर्न हुदैन।

**५६. वहु-विवाह, बाल विवाह गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले विवाहवारी सम्बन्धी नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट जारी प्रचलित कानून विपरित हुने गरी विहेवारी गर्नु हुँदैन।

## परिच्छेद -८

## सजाय र पुनरावलोकन

**५७. सजायः** उचित र प्रर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाइ देहायको सजाय गर्न सकिने छ।

(क) नसिहत दिने।

(ख) शारीरिक थकाइ हुने (फटिक) सजाय गर्ने।

(ग) तवल वृद्दि वा पदोन्नती रोक्का गर्ने।

(घ) तल्लो तहमा घटुवा गर्ने।

(ङ) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ता बाट कट्टी गरी असुल गर्ने।

(च) भविष्यमा स्थानीय निकायमा अयोग्य नठहरीने गरी नोकरीबाट वर्खास्त गर्ने।

(छ) भविष्यमा स्थानीय निकायमा अयोग्य ठहरीने गरी नोकरी बाट वर्खास्त गर्ने।

५८. **नसिहत दिने र प्रतिकुल राय दिनेः** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्ने छ । दुइ पटक नसिहत दिंदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्वन्धी प्रतिवेदनमा प्रतिकुल राय दिन सक्ने छ।

५९. **तलबवृद्धि वा पदोन्नती रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नती रोक्का गर्न सक्ने छ।

६०. **दर्जा वा तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो तलब स्केलमा घटुवा गर्न सक्ने छ। कालिका नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएको समेत निज बाट भराउन सक्नेछः

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहिनता गरेमा,

(ग) आचरण सम्वन्धी विनियम उल्लङ्घन गरेमा,

(घ) नियुक्तीको पाँच वर्ष भित्रै नोकरी बाट अलग हुन झुठ्ठा कारण देखाएमा,

(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(च) मानसिक कारण नभई वा विदा नलिइ विदा वसेमा वा गैर हाजिर भएमा,

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

६१. **नोकरीबाट हटाउन वा वर्खास्त गर्नेः** देहाएको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाइ नोकरी बाट हटाउन वा वर्खास्त गर्न सक्ने छ।

(क) अयोग्यताका कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पुरा गर्न नसकेमा,

(ख) राजनितीमा भाग लिएमा,

(ग) बराबर अनुशासनहिनताको काम गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा,

(ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा,

(च) भ्रष्टचार गरेमा,

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण गरेमा,

(ज) आचरण सम्वन्धी नियमहरु बराबर उल्लङ्घन गरेमा,

(झ) मानसिक कारण नभई वा विदा नलिइ विदा वसेमा गैर हाजिर भएमा।

६२. **सजाय सम्वन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(२) नगर प्रहरी कर्मचारीलाइ सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाइ आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्नेछ ।त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सजायको सम्वन्धमा लिखित स्पटीकरण पेश गर्नु पर्नेछ।

तर, भागी पत्ता नलागेको वा अरु कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस विनियमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भइसकेको अवस्थामा कुनै नगर प्रहरी कर्मचारीलाइ सजाय दिनु पर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाइ गर्न लागेको सजायको वारेमा सूचना सम्म दिनु पर्नेछ।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचवुझ गराउन सक्ने छ ।जाँचवुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्वन्धित नगर प्रहरी कर्मचारी समेत वुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा सवुद प्रमाण दाखिला गर्नु पर्नेछ।

(४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सम्म सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्ने छ।तर यस्तो निलम्वनको अवधि ६ महिना भन्दा वढी हुने छैन।

(५) उपदफा (४) बमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाइ निजले पाउने तलव भत्ताको एक चौथाइ दिइनेछ।

(६) कुनै फौज्दारी अभियोगमा गिरफ्तार भइ थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बन हुनेछ।

तर (क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभइ सफाइ पाएमा निजले सो अवधिको चौथाइ तलब पाएको भए सो कट्टा गरी नपाएको भए पुरै तलब र तलव वृद्धि हुने भएमा सो समेत पाउने छ। कसुरदार ठहरिएमा निलम्बन भएको मिति देखिको बाँकी तलब भत्ता पाउने छैन।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारबाहीको सिलसिलामा निलम्बन भएको/ नभएको अरु कुनै कारणबाट निलम्बन रहन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

**६३. सजायको आदेश दिनेः** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित प्रहरी कर्मचारीलाई निजसँग स्पस्टीकरण मागिएको भए निजले तोकेको समय भित्र स्पष्टीकरण नदिइमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनु पर्नेछ।

**६४. सेवाको अन्त गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त्य गर्नु पर्दा विनियम यस दफा वमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन

(क) परीक्षणकालमा रहने गरी नियुक्त भएकोमा नियुक्ती सदर नहुँदै

(ख) स्वीकृत चिकित्सकको बोर्डको शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा

**६५. पुनरावेदनको कार्यविधिः** (१) दफा ६४ अन्तरर्गत दिएको आदेश चित्त नवुझि पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनु पर्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाईको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनु पर्नेछ ।पुनरावेदनका साथमा जुन आदेश विरुद्ध पुनरावेदन गरिएको हो सोको आदेशको नक्कल पनि राख्नु पर्नेछ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(४) सजायको सूचना पाएको ३५ दिन भित्र पुनरावेदन गर्नु पर्नेछ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ।

६६. **नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलव भत्ता पाउनेः** कुनै नगर प्रहरी कर्मचारी लाई सेवा बाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारी बाट रद्द भइ निज सेवामा पुनर्वाहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मिति देखि पुनर्वाहाली भएको मिति सम्मको पुरा तलव भत्ता र तलव वृद्धि पाउने भए सो समेत निजले पाउने छ।

## परिच्छेद -९

## अवकाश उपदान निवृत्तिभरण

६७. **अनिवार्य अवकाशः** (१) यो ऐन जारी भए पछि नियुक्ती भएका देहाएका प्रकारका नगर प्रहरी कर्मचारीको देहाय वमोजिमको उमेर पुगे पछि वा निजको सेवा अवधि ३० वर्ष पुरा भएपछि निजलाई अवकाश दिइने छ।

(क) नगर प्रहरी सहायक निरीक्षक - ५० वर्ष

(ख) नगर प्रहरी हवल्दार - ४८ वर्ष

(ग) नगर प्रहरी जवान - ४८ वर्ष

(२) उमेरको हद पदको अवधि वा सेवा अवधि मध्ये कुनै एक पुगे पछि नगर प्रहरी कर्मचारीले सेवा बाट अवकाश पाउने छ।

(३) उपदफा (१) बमोजिम अवकास गर्दा कायम मुकायम मुकरर भएको कर्मचारीको निजको नियुक्ती रहेको पदको अवधि लागु हुनेछ।

स्पष्टिकरणः नियमको प्रयोजनको निम्ति नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाए वमोजिम गरिनेछ।

(क) नोकरीमा प्रवेश गरेको वेला निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाण पत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको वेलामा सिटरोलमा लेखिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर

(४) यस विनियम वमोजिम निवृत्तीभरण पाउने अवधि पुगेको कुनै नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले नोकरीबाट अवकाश दिनेछ।

६८. **उपदानः** (१) पाँच वर्ष वा सो भन्दा वढी नोकरी गरेको तर राजिनामा स्वीकृत गराई सेवाबाट हटेमा वा भविष्यमा स्थानीयको सेवा सामान्यतया अयोग्य नठहरिने गरी सेवा बाट हटाईएमा योगदानमा आधारित उपदान प्रणाली बमोजिम उपदान पाउने छ।

(२) उपदफा (१) बमोजिम हुने योगदानमा आधारित उपदान प्रणाली सो सम्बन्धी नगरपालिकाको कानून बमोजिम हुनेछ।

**६९. निवृत्तिभरणः** (१) कालिका नगरपालिका भित्र स्थायी नगर प्रहरीहरुले बीस बर्ष स्थायी सेवा अवधि पुरा गरेपछि योगदानमा आधारित निवृत्तिभरण पाउने छ।

(२) उपदफा (१) बमोजिम हुने योगदानमा आधारित निवृत्तिभरण प्रणाली सो सम्बन्धी नगरपालिकाको कानून बमोजिम व्यवस्थित हुनेछ।

**७०. पारिवारिक निवृत्तीभरण र उपदानः** नगर प्रहरी कर्मचारीको नोकरीमा छँदै वा आफुले नृवित्तीभरण पाउन बाँकी हुँदै मृत्यु भएमा मृतक कर्मचारीको इच्छाएको व्यक्तीलाई  नियमानुसार निवृत्तिभरण दिइनेछ।

**७१. अशक्त वृद्दिः** (१) कुनै नगर प्रहरी कर्मचारी आफ्नो पदको कर्तव्य पालना गर्दा वा तालिमको सिलसिलामा दुर्घटना परी आघातमा परी अङ्ग भङ्ग भएको छ वा चोटपटक लागेको छ र नगर प्रहरी सेवाका लागि अशत्त भएको छ भने त्यस्तो नगर प्रहरी कर्मचारीको निवृत्तीभरण पाउँने अवधि पुगि सकेको भए निजले खाई पाई आएको तलवले पाउँने निवृत्तिभरणमा वा निवृत्तीभरण पाउने अवधि पुगि नसकेको भए निजको जिविकाको निमित्त बाचुञ्जेल सम्म अशक्त भत्ता पाउने छ।

(२) उपदफा (१) बमोजिम हुने योगदानमा आधारित अशक्त भत्ता सो सम्बन्धी नगरपालिकाको कानून बमोजिम व्यवस्थित हुनेछ।

**७२. उपदान निवृत्तिभरण वा अशक्त भत्ता /सम्वन्धी कार्यविधि बनाउन सक्नेः** यस ऐनको अधिनमा रही नगर कार्यपालिकाले योगदानमा आधारित उपदान/ निवृत्तीभरण वा अशक्त भत्ता सम्बन्धी कार्यविधि बनाई लागु गर्नु पर्नेछ।

**७३. असाधारण पारिवारिक वृत्ती र उपदानः** (१) कुनै नगर प्रहरी कर्मचारी आफनो कर्तव्य पालन गर्दा वा तालिम लिँदा तत्काले मृत्यु भएमा वा त्यसैको कारणले निको नहुदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष भएको भए तापनि मृतक नगर प्रहरी कर्मचारीको पति/पत्नी वा २१ बर्ष भन्दा कम उमेरको छोरा वा अविवाहित छोरी वा मृतक कर्मचारीको परिवारको आश्रित सदस्यलाई त्यस्तो नगर प्रहरीले खाइपाई आएको तलवको आधा पारिवारिक निवृत्तीभरण पाउने र त्यस्तो हकवालालाई देहाय बमोजिमको उपदान समेत दिईनेछ।

(क) १० वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाइपाई आएको प्रति वर्ष एक महिनाको तलव बराबर रकम

(ख) १० वर्ष देखि २० वर्ष सम्म सेवा अवधि पुरा गरी मृत्यु भएमा निजले खाइपाई आएको प्रति वर्ष २ महिनाको रकम

(ग) २० वर्ष भन्दा वढी जतिसुकै सेवा अवधि पुरा गरी मृत्यु भएकोले निजले खाइपाई आएको प्रति वर्ष ३ महिनाको तलव बराबरको रकम

(२) यो ऐनमा अन्यत्र जेसुकै लेखिएको भए तापनि असाधारण निवृत्तीभरणको प्रयोजनको निमित्त वाहालवाला भन्नाले मृतक नगर प्रहरी कर्मचारीको पत्नी नावालक छोरा अविवाहित छोरी आश्रित वावु आमा लाई मात्र जनाउनेछ।

(३) उपनियम (१) र (२) बमोजिम असाधारण पारिवारिक निवृत्तीभरण मृतक नगर प्रहरी कर्मचारीको पति, पत्नी वा बावु आमा भए आजीवन र छोरा वा छोरी भए २१ वर्ष उमेर पुरा गरेमा वा विवाह गरेमा वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडी हुन्छ सो मिति सम्म पाउनेछ।

७४. **सन्तती वृत्ती र शैक्षिक भत्ताः** (१) कुनै नगर प्रहरी कर्मचारीको आफ्नो कर्तव्यपालन गर्दा वा तालिम लिँदा तत्काल मृत्यु वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने भएमा त्यस्तो मृतक वा अशक्त नगर प्रहरी कर्मचारीको दुइ जना सम्म सन्ततीलाई एक हजार रुपैयाको दरले मासिक सन्ततीवृत्ति दिइने छ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि सन्तती भन्नाले पढ्दै गरेकी पत्नी, छोरा वा छोरी जनाउँछ।

(२) उपनियम १ बमोजिमको वृत्ति सम्वन्धित सन्ततीले २१ वर्ष को उमेर सम्म र विवाह र सरकारी सेवा प्रवेश गरेको जुन पहिला हुन्छ सोही मितिसम्म पाउने छ।

**७५. नोकरी अवधिको गणनाः** (१) यस परिच्छेदको प्रयोजनको निम्ति नोकरी अवधिको गणना गर्दा नगर प्रहरी सेवा वा पदमा स्थायी नियुत्ती भई नोकरी गरेको जम्मा अवधि विचमा टुटेको अवधि कटाई गणना गरिने छ।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति नगर प्रहरी सेवा वा पदमा नियुक्त भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ।

(३) उपनियम (१) अनुसार गणना गर्दा निलम्वनमा परेको अवधिलाई समेत गणना गरिने छ ।

**७६. उपचार खर्चः** कुनै नगर प्रहरी कर्मचारी विरामी भएमा औषधि उपचारको लागि देहाय बमोजिमको खर्च नगरपालिका मार्फत दिइने छ।

(क) अस्पताल भर्ना भई उपचार गराउदा लागेको अस्पतालको विल वमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदान सहितको प्रेशक्रिप्सन सहितको खरिद गरेको औषधि खर्च,

(ख) अस्पताल नभएको ठाउमा अस्पताल भर्ना भई अस्पतालबाट निस्केपछि रोग उपचारको निमित्त अस्पताल भए पनि भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्था वा कुनै किसिमको रोगको सम्वन्धमा कुनै दर्तावाला स्वीकृत योग्यता प्राप्त डाक्टर कविराज वैद्य

वा  हेल्थ असिष्टेन्टले जाँचेको शुल्क र रोग निदान सहितको प्रेशक्रिप्सन सहितको खरिद गरेकोऔषधि खर्च,

(ग) प्लास्टिक सर्जरी वा निजि नर्सिङ्ग होममा गरेको चिरफार बाहेक सवै किसिमको चिरफार गर्दा लागेको विल वमोजिमको खर्च,

(घ) आफ्नो घर डेरा छोडी अर्को जिल्लामा वा विदेशमा गई उपचार गराउँदा त्यस्तो स्थानमा पुग्दाको फर्कदाको विरामी को कुरुवाको यातायत खर्चको पुरै रकम,

(२) उपदफा (१) मा जुनसुकै लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीको तमाम नोकरी अवधिभरमा भए १८ महिना बरावरको तलव रकम सम्म मात्र उपचार खर्च दिइने छ।

तर, कार्यालयको कामको सिलसिलामा चोटपटक लाग्न गई घाईते भएको प्रहरीको उपचार लागेको सम्पुर्ण खर्च नेपाल राज्य भित्र औषधि उपचार हुन नसके नेपाल सरकारद्वारा नियुक्त मेडिकल वोर्डको सिफारिसमा विदेश गई उपचार गराउन चाहेमा निजलाई नगरपालिकाले उपचार खर्च उपलव्ध गराउनेछ।

(३) यो ऐन बमोजिम पाउने उपचार खर्च प्रहरीले पेश्कीको रुपमा  लिन चाहेमा  कारण मनासिव देखिय उपदफा (२) को अधिनमा रही हिसाव वुझाउने गरी बढीमा पचाँस प्रतिशत सम्म पेश्की दिन सकिनेछ।

(४) नगर प्रहरी को संगोलको पति वा पत्नी आमा वावु वा ना वालक छोरा छोरी विरामीले यस ऐन बमोजिम पाउने अधिकतम उपचार खर्चको रकम बाट कट्टा हुने गरी सो रकमको आधारसम्म विल वमोजिमको उपचार खर्चको नव्वे प्रतिशत रकम सम्वन्धित कर्मचारीले लिन पाउने छ। त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान उल्लेख गरिएको डाक्टरको प्रेसक्रिप्सन पनि पेश गर्नु पर्नेछ। यस दफा बमोजिम पाउने उपचार खर्च एक पटकमा सम्वन्धित कर्मचारीले एक महिनाको तलब भन्दा वढी हुनै छैन।

(५) नगर प्रहरीको संगोलको पत्नी  वा पति वावु आमा नावालक छोराछोरी विरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया र उपचार गराउनु पर्दा  अस्पतालमा लागेको विल अनुसारको खर्च डाक्टरको प्रेसक्रिप्सन बमोजिम औषधी उपचारको खर्च को ९० प्रतिशत रकम उपदफा (२) वमोजिम पाउने रकम मध्येबाट पाउनेछ ।

(६) उपदफा (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरीको संगोलको पति पत्नी आमा बाबु वा कुनै सरकारी स्वामित्व वा नियन्त्रणमा भएको संस्थाको सेवामा वाहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउने छैन ।

(७) यस नियम तथा यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा एक हजार भन्दा बढी खर्च पाउने छैन।

(८) झुठ्ठा व्यहोरा पेश गरी यस ऐन बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारी उपर विभागीय कारवाही गरिने छ ।यसरी उपचार खर्च लिइ सकेको भए सो रकम समेत प्रहरी बाट असुल गरिनेछ।

(९) भविष्यमा स्थानीय तहको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी वर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट नगर प्रहरी कर्मचारीले नोकरीबाट अलग हुँदा उपनियम (२) बमोजिम नोकरी अवधिभरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च वाँकी रहेको भए त्यस्तो वाँकी भए जति रकमको दुई तिहाइको हिसावले हुने एकमुष्ट रकम निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ।

तर, निवृत्तिभरण पाउने गरी सेवाबाट अवकाश पाएका नगर प्रहरी कर्मचारीले त्यस्तो वाँकी भएजति पुरै रकम र पच्चीस वर्ष सेवा अवधि पुरा गरेको रहेछ भने त्यसमा १० प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ठ निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ ।

(१०) कुनै नगर प्रहरी कर्मचारी दश बर्षको सेवा अवधि नपुग्दै भविष्यमा स्थानीय तहको नोकरीको निमित्त अयोग्य ठहरिने गरी वर्खास्त भएको अवस्थामा बाहेक

अरु जुनसुकै ब्यहोराबाट नोकरीबाट अलग भएमा पनि दश बर्षको नोकरी अवधि मानी त्यसैको दामासाहीले उपदफा (१) अनुसार पाउने उपचार खर्च पाउनेछ।

(११) दश वर्ष सेवा अवधि नपुगेको कुनै नगर प्रहरी कर्मचारीलाई औषधी उपचारको लागि खर्च दिँदा उपदफा (२) मा तोकिएको रकमलाई दश बर्ष नोकरी गरे वापत पाउने रकम मानी दामासाहीले हुन आउने रकममात्र दिईनेछ।

(१२) कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्नो निमित्त समेत गरेर एक बर्षमा निजले खाईपाई आएको डेढ महिनाको तलब बराबरको रकम भन्दा बढी उपचार खर्च दिईने छैन।

(क) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै पनि अस्पतालमा भर्ना भई उपचार गराउनु पर्दा,

(ख) उपदफा (६) बमोजिम परिवारलाई उपचार गराउँदा।

(१३) यस दफा बमोजिम नगर प्रहरी कर्मचारीले पाएको उपचार खर्चको विवरण कार्यालयले नगर प्रहरीको विदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ।

## परिच्छेद–१०

## <u>तलब भत्ता र राशन</u>

७७. **तलबभत्ताः** नगर प्रहरी कर्मचारीले नियुक्ति भई हाजिर भएको मिति देखि तलब भत्ता पाउने छ। तलब र राशन भत्ता कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

७८. **तलब स्केलः** कुनै पदमा नियुक्त हुने नगर प्रहरी कर्मचारीले सामान्यतः स्केलमा लेखिएको न्यूनतम तलब पाउनेछ।

७९. **तलब बृद्धिः** (१) देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरीको एक बर्ष सेवा अवधि पुरा गरे पछि एक तलब वृद्धि (ग्रेड) पाउने छ।

(क) परीक्षणकाल,

(ख) निलम्बन रहेको,

(ग) तलब वृद्धि रोक्का रहेको,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षणकाल समाप्त भई नियुक्ति सदर भएको र निलम्बन फुकुवा भई सेवा बहाल भएमा निजले सो अवधिमा पाउने तलब वृद्धि समेत पाउने छ।

८०. **अवकाश पाउने कर्मचारीले तलब र राशनः** (१) नगर प्रहरी कर्मचारीले राजिनामा दिई वा अनिवार्य अवकाश पाई सेवा निवृत्त भएमा सोको सूचना पाएको मिति सम्म निजले खाईपाई आएको तलब, भत्ता र राशन पाउने छ।

तर, कार्यालयमा गैर हाजिरी रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित

रहेको नगर प्रहरी कर्मचारीले भने आफु अनुपस्थित रहेको मिति देखिको तलब, भत्ता र राशन पाउने छैन।

### परिच्छेद–११

### कायम मुकायम मुकरर

८१. **निमित्त नगर प्रहरी प्रमुखः** (१) नगर प्रहरी प्रमुख पन्ध्र दिन भन्दा बढी अनुपस्थित रहने अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले वरिष्ठतम् नगर प्रहरीलाई सो अवधिको लागि निमित्त नगर प्रहरी प्रमुख तोक्न सक्ने छ।

(२) कुनै नगर प्रहरी निमित्त नगर प्रहरीको पदमा एक महिना भन्दा बढी अवधि काम गर्दा सो अवधिका लागि निमित्त भएकै पदको न्यूनतम तलब स्केलका हिसाबले तलब भत्ता पाउनेछ।

८२. **कायम मुकायम मुकररः** (१) नगर प्रहरीको प्रमुखको पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन। तर पद रिक्त भई कार्यालयको दैनिक कार्य सञ्चालन गर्न बाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिने छ।

(२) यस ऐन बमोजिम कायम मुकायम मुकरर गर्दा एक तह मुनिका कर्मचारीहरु मध्ये बढुवाको लागि योग्य भएका मध्येबाट जेष्ठताको आधारमा नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर गरिने छ।

(३) कुनै नगर प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ।

(४) कायम मुकायम मुकरर हुँदा निजले कायम मुकायम मुकरर भएको पदको न्यूनतम तलब स्केलका आधारमा तलब  भत्ता पाउनेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा कुनै नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर गर्न सकिने छैन।

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक बर्षको अवधि भुक्तान नभएको,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(६) एक पदमा एकै अवधिमा एक भन्दा बढी व्यक्ति कायम मुकायम मुकरर हुन सक्ने छैन।

८३. **कायम मुकायम मुकरर गर्ने अधिकारीः** नगर प्रहरी प्रमुखको पदमा कायम मुकायम मुकरर गर्दा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

## परिच्छेद–१२

## तालिम

८४. **तालिमको व्यवस्थाः** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवम् दक्ष तुल्याउन नगरपालिकाले  तोकिए बमोजिमको आवश्यकता अनुसार अन्य तालिमहरु पनि दिन सकिनेछ।

८५. **तालिम संचालन हुने स्थानः** नगरपालिकाले तोकिएको स्थानमा तालिम सञ्चालन हुनेछ।

८६. **तालिमको अवधिः** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि
नगरपालिकाले तोकेको पाठ्यक्रम अनुसार हुनेछ।

८७. **तालिमको अनिवार्यताः** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिम लिन अनिवार्य हुनेछ। यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एक पटक तालिमको मौका दिइने छ। त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाइ तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ।

८८. **तालिमको पाठ्यक्रमः** बिभिन्न तलिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ।

८९. **प्रशिक्षार्थीले पाउने सुविधाः** (१) उपत्यका बाहिर प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून अनुसार हुनेछ।

(२) राशन पाउने नगर प्रहरी कर्मचारीहरुलाई उपत्यकाका नेपाल प्रहरीले पाए सरह राशन र भत्ता पाउने छन।

९०. **तालिम सफल भएमाः** देहाय तालिमा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछः

(क) नगर प्रहरी (आधारभुत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका कर्मचारीहरु स्थायी नियुक्तिका लागि सामान्यतया योग्य हुने छन्।

(ख) बढुवाको लागि योग्य उम्मेदवार हुन कम्तिमा एक महिना बराबरको सेवाकालिन तालिममा सफल भएको हुनु पर्नेछ।

९१. **समिति गठन हुने**: दफा ९४ र ९५ मा उल्लेख भएको व्यवस्थालाई कार्यन्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोकेबमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ। त्यस समितिले गरेको ठहर वमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ।

९२. **प्रारम्भिक पोशाकः** (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिने छ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि प्रारम्भिक पोशाक नगरपालिकाले दिनेछ।

९३. **तालिममा सामेल गराउने संख्याः** नगर प्रहरीको कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी अधिकृत कर्मचारीहरु तोक्ने छन्।

९४. **प्रशिक्षण भत्ताः** अतिथि प्रशिक्षकहरु र स्थानीय प्रशिक्षकहरुको भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

९५. **आन्तरिक तालिमः** एकै पटक नियुक्ति भएमा वा वढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनु पर्नेछ र ४५ वर्ष उमेर नाघेकालाई शारीरिक तालिममा अनिवार्यता गरिने छैन।

## परिच्छेद १३

## पोशाक

९६. **नगर प्रहरी पोशाकः** नगर प्रहरीको पोशाकको रङ्ग र किसिम र अन्य विवरण नगरपालिकाले तोके बमोजिम हुनेछ।

९७. **प्रारम्भिक पोशाक र सामानः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई अनुसुची-१मा तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईने छ।

९८. **जाडो मौसमका लागि दिइने पोशाकः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमका लागि पोशाक निशुल्क दिइनेछ।

९९. **सेरोमोनियल पोशाकः** अधिकृत कर्मचारीलाई सेरोमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ।

१०१. **तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधाः** नगर कर्मचारीलाई अनुसूचीमा उल्लेख भए बमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दररेट बमोजिम सिलाई ज्याला दिइने छ।

१०२. **नगर प्रहरीको पोशाक सट्टा भर्नाः** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा

नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ दिइनेछ।

## परिच्छेद -१४

## विविध

१०३. **विभागीय आदेश र निर्देशनः** ऐन र यस विनियमावलीको परिधिभित्र रही देहायको विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय

(घ) ऐनमा उल्लेख भएका कुराहरु स्पष्ट तथा वस्तुगत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

१०४. **पुरस्कारः** देहायको पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुको पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारीस गर्न सक्ने छन्।

१०५. **दशै खर्च पाउनेः** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष

घटस्थापनको पन्ध्र दिन अगाडि दशै खर्चको रुपमा पाउने छन्।

**१०६. अन्य सुविधा तथा व्यवस्थाः** (१) नगरपालिकाले नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु तोके बमोजिम हुनेछ।

**१०७. सेवा करार सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम स्वीकृत भएको नगर प्रहरीको दरबन्दीको अधिनमा रही नगरपालिकाले सेवा करारमा नगर प्रहरी राखी काम काज गराउन सकिने छ।

(२) उपदफा (१) बमोजिम सेवा करारमा कार्यरत रहेकै आधारमा नगर प्रहरीलाई स्वतः स्थायी हुने गरी वा सिमित प्रतिश्पर्धा मार्फत स्थायी हुने गरी कुनै निर्णय गरिने छैन।

तर, यस ऐन तथा यस ऐन बमोजिम बनेको नियमावली बमोजिम खुल्ला प्रतिश्पर्धाद्धारा स्थायी पदपूर्तीमा सेवा करारमा रहेका कुनै नगर प्रहरीलाई आवेदन दिँदा एक पटकको लागि उमेरको हद नलाग्ने गरी नगर कार्यपालिकाले निर्णय गर्न बाधा पर्ने छैन।

**१०८. बाधा अड्काउ फुकाउनेः** नगरपालिका कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र सञ्चालनका सम्बन्धमा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ ।यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा कुनै निर्णय गरी बाधा

अड्काउ फुकाउनु परेमा नगर कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्ने छ।

१०९. **ऐन संशोधनः** यस ऐनमा आवश्यक संशोधन नगर सभाबाट गर्न सक्ने छ।

११०. **नियम वा कार्यविधि बनाउन सक्नेः** यस ऐनको कार्यान्वयन तथा ऐनमा भएका व्यवस्थाहरु लागु गर्नका लागि आवश्यकतानुसार नगर कार्यपालिकाले यस ऐनको अधिनमा रही नियम वा कार्यविधिहरु बनाई लागु गर्न सक्नेछ।

## अनुसूची -१
### (दफा ९७ सँग सम्बन्धित)

(१) पोशाकः सर्ट, पाईन्ट, बेल्ट, मोजा, स्वीटर, टोपी

(२) जुत्ताः छाला, कपडा

(३) पञ्जा

(४) डिउटीमा आवश्यक सामग्रीहरुः

लौरी, टर्चलाईट, डोरी, सिक्री, सिठ्ठी लगायतका सामग्रीहरु

(५) नगरपालिकाबाट निर्णय भए बमोजिमका अन्य सामग्रीहरु।

कालिका नगर सभाबाट पारित तल लेखिए बमोजिमको कालिका नगरपालिकाको घरेलु तथा साना उद्योग प्रवर्धन ऐन, २०७६ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## कालिका नगरपालिकाको घरेलु तथा साना उद्योग प्रवर्धन ऐन, २०७६

प्रस्तावनाः

नगरपालिका क्षेत्रभित्र घरेलु तथा साना उद्योगको वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई स्थानीय उत्पदन र रोजगारीका अवसरमा अभिवृद्धि मार्फत गरिबीको अन्त्य गरी आर्थिक वृद्धि र समृद्धि प्राप्ति गर्ने, स्थानीय उत्पादनले आत्मनिर्भरता बृद्धि गर्ने, मौलिक परम्परागत सिपलाई आधुनिकीकरण गर्दै प्रविधिको समुचित प्रयोगबाट घरेलु तथा साना उद्यम विकास गरी गतिशिल, प्रतिश्पर्धी र उत्पादनमुखी आर्थिक वातावरण निर्माण गर्नका लागि स्थानीय कानूनी पूर्वाधार निर्माण गरी व्यवस्थित गर्न बाञ्छनीय भएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (५) को खण्ड (घ) बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नविकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन तथा उद्यमशीलताको र विकासको प्रवर्द्धन गर्नु पर्ने काम कर्तब्य र अधिकार नगरपालिकालाई तोकिएकोले सोको कार्यान्वयनको लागि कालिका नगरपालिकाले कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१

को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कालिका नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस ऐनको नाम " कालिका नगरपालिकाको घरेलु तथा साना उद्योग प्रवर्द्धन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "उद्योग" भन्नाले दफा १५ बमोजिमका उद्योगलाई सम्झनु पर्छ।

(ख) "उद्योग दर्ता अधिकारी" भन्नाले कालिका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले कालिका नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(च) “घरेलु उद्योग” भन्नाले दफा १५ को उदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्दछ।

(छ) “घरेलु तथा साना उद्योग शाखा” भन्नाले कालिका नगरपालिकाको घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण लगायतका नियमन गर्ने मुख्य जिम्मेवारी तोकिएको शाखालाई सम्झनु पर्दछ।

(ज) “तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियम वा कार्यविधिमा तोकिए बमोजिम भन्ने बुझिन्छ।

(झ) “नगरपालिका” भन्नाले कालिका नगरपालिका चितवनलाई जनाउँछ।

(ञ) “नगर सभा” भन्नाले कालिका नगरपालिकाको नगर सभालाई जनाउँछ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले कालिका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ठ) “बौद्धिक सम्पत्ती” भन्नाले पेटेन्ट डिजाइन ट्रेडमार्क सेवामार्क भौगोलिक संकेत चिन्ह व्यापारिक गोपनीयता लगायत सोसँग सम्बन्धित अन्य औधोगिक सम्पत्ति सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानूनले प्रतिलिपी अधिकारको रुपमा परिभाषित गरेका विषयलाई समेत जनाउँछ।

(ङ) “लघु उद्यम” भन्नाले दफा दफा १५ को उदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनु पर्दछ।

(ढ) “समिति ” भन्नाले दफा १७ बमोजिमको घरेलु तथा साना उद्योग प्रवर्द्धन समितिलाई सम्झनु पर्दछ।

(ण) “साना उद्योग” भन्नाले दफा दफा १५ को उदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्दछ।

(त) “स्थिर पूँजी” भन्नाले दफा १६ बमोजिमको सम्पत्ति सम्झनु पर्दछ।

## परिच्छेद–२

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता गराउनु पर्नेः** (१) कालिका नगरपालिका क्षेत्रमा यस ऐन बमोजिम उद्योग दर्ता नगराई लघु, घरेलु तथा साना उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागु हुनु अगावै कुनै प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगहरु यस ऐन बमोजिम पुनः दर्ता हुनु पर्ने छैन ।

तर, त्यस्ता उद्योगहरु पनि यो ऐन प्रारम्भ भएपछि यस ऐन बमोजिम नविकरण हुनु पर्नेछ।

४. **उद्योग दर्ता गर्न निवेदन दिनु पर्नेः** (१) यस ऐन बमोजिम उद्योग दर्ता गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको विवरण र कागजात सहित अनुसूची २ र ३ को ढाँचामा उद्योग दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) निवेदन तथा स्वीकृति सम्बन्धी कागजातहरु प्रमाणीकरण गर्दा विद्युतीय हस्ताक्षर समेत  मान्य हुनेछ र यस्ता कागजात विद्युतीय माध्यमबाट समेत प्रस्तुत गर्न सकिने छ।

५. **उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेः** (१) दफा ४ बमोजिम उद्योग दर्ताको लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पुरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पुरा भएको देखिएमा निवदेन परेको पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने अधिकारीले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी अनुसूची  १ बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाण पत्र दिनु पर्नेछ।

(२) उद्योग दर्ता गरेपछि वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गर्नु  पर्ने भएमा सो गरेपछि मात्र उद्योग स्थापना, सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात माग्नु पर्ने देखिएमा उद्योग दर्ता गर्ने अधिकारीले सम्बन्धित निवेदकलाई त्यस्तो थप विवरण वा कागजात सात दिनभित्र पेश गर्न लगाउन सकिनेछ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराको अतिरिक्त देहायका  विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ।

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि,

(ग) उद्योगले पालना गर्नु पर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु।

(५) उपदफा (३) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पुरा भएको नदेखिएमा वा कुनै उद्योग सञ्चालनको लागि तोकिएको मापदण्ड बमोजिम नदेखिएमा दर्ता गर्ने अधिकारीले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(६) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने अधिकारीले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाण पत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ।

६. **वातावरणमा प्रतिकूल असरको निराकरण गर्नु पर्नेः** उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकुल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ।

७. **अनुमति लिनु पर्नेः** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय कानून वा प्रदेश कानून

बमोजिम अनुमति लिनु पर्ने प्रकृतिका उद्योग दर्ता र स्थापना गर्नु अघि प्रचलित कानून बमोजिम अनुमति लिनु पर्नेछ।

८. **व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनु पर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाण पत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी नगरपालिकामा गराउनु पर्नेछ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाण पत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तिमा एक महिना अगाडि त्यस्तो अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(३) कुनै उद्योगले उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेको कारण खोली उद्योग दर्ता प्रमाण पत्रमा उल्लिखित अवधि समाप्त भएको मितिले छ महिना भित्र त्यस्तो प्रमाण पत्रमा उल्लिखित अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

तर अनुमति लिनु पर्ने बाहेकका यो ऐन प्रारम्भ हुनु अगावै सङ्घीय कानून बमोजिम दर्ता भएका तथा थपिएको म्याद भित्र समेत सञ्चालन वा उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका अन्य उद्योगको हकमा यो उपदफा प्रारम्भ

भएको मितिले तीन महिना भित्र त्यस्तो निवेदन दिई सक्नु पर्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिव देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सकिनेछ।

तर उपदफा (३) बमोजिम दिईएको निवेदनको हकमा उद्योग स्थापनाको लागि गर्नु पर्ने निर्माण लगायतको कामको प्रगति हेरी साना उद्योगको हकमा प्रति बर्ष पच्चीस हजार, लघु उद्यम र घरेलु उद्योगको हकमा तोकिएको दर्ता शुल्कको दोब्बर रकम प्रति वर्ष जरिवाना लिई सञ्चालन वा व्यवसायिक उत्पादन वा कारोबार गर्ने अवधि बढाउन सकिनेछ।

(५) उपदफा (४) बमोजिम अवधि बढाईएमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ।

(६) उपदफा (२) वा (३) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिम अवधि वा उपदफा (४) बमोजिम बढाईएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाण पत्र स्वतः रद्द हुनेछ।

(७) उपदफा (६) बमोजिम उद्योगको दर्ता प्रमाण पत्र रद्द भएमा नगरपालिकाको अभिलेखमा त्यस्तो उद्योगको प्रमाण पत्रमा कारण खुलाई रद्द भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

९. **उजूरी गर्न सक्नेः** (१) उद्योग दर्ता गर्ने अधिकारीले दफा ५ को उपदफा (५) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेमा सो उपर चित्त नबुझ्ने निवेदकले त्यस्तो जानकारी पाएको मितिले ३० दिन भित्र कार्यपालिका समक्ष उजुरी गर्न सक्ने छन।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा कार्यपालिकाले सोको छानविन गराई उजुरी परेको मितिले ३० दिनभित्र सो सम्बन्धी आवश्यक निर्णय गर्नेछ।

१०. **अनुगमन गर्नेः** (१) उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना भए नभएको सम्बन्धमा नगरपालिकाले उद्योगको नियमित अनुगमन गर्न सक्नेछ।

(२) नगरपालिकाले उद्योगको अनुगमन गर्दा उद्योगसँग सम्बन्धित जुनसुकै जानकारी वा विवरण माग गर्न सक्नेछ र त्यस्तो माग गरेको जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको विवरण वा जानकारीबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी नगरपालिकाले आवश्यक सहयोग गर्न सक्नेछ ।

**११. उद्योग स्थान्तरणको लागि स्वीकृति लिनु पर्नेः** (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थान्तरण गर्नु पर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने अधिकारी समक्ष उद्योग स्थान्तरणको लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने भएमा सो समेत सम्पन्न गरी उद्योग दर्ता गर्ने अधिकारीले तोकिए बमोजिम उद्योग स्थान्तरणको लागि स्वीकृति दिन सक्नेछ।

**१२. विवरण उपलब्ध गराउनु पर्नेः** (१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि हरेक आर्थिक बर्ष समाप्त भएको मितिले छ महिनाभित्र तोकिए बमोजिमको विवरण नगरपालिकालाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गर्नु पर्ने विवरण तोकिए बमोजिमको विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

**१३. उद्योग बन्द गरेमा जानकारी दिनु पर्नेः** यस ऐन दर्ता भएको उद्योग कुनै कारणले बन्द गरेमा वा उद्योगले व्यवसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिन भित्र त्यसको जानकारी नगरपालिकामा दिनु पर्नेछ।

**१४. उद्योग दर्ता खारेज गर्न निवेदन दिन सक्नेछः** (१) कुनै कारणले दर्ता भएको उद्योग सञ्चालन गर्न नसकिने भएमा उद्यमीले उद्योग दर्ता खारेज गर्न उद्योग दर्ता गर्ने अधिकारी समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

तर दामासाहीमा परेका उद्योगको हकमा सोही कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने अधिकारीले उक्त उद्योगले दायित्व फरफारक गरे नगरेको बुझी उद्योग दर्ता खारेज गर्न उपयुक्त भएमा उद्योग दर्ता अधिकारीले तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

## परिच्छेद–३

## उद्योगको वर्गीकरण तथा स्थिर पुंजी

**१५.उद्योगको वर्गीकरणः** (१) यस ऐनको प्रयोजनको लागि उद्योग भन्नाले देहाय बमोजिमका उद्योगहरुलाई जनाउनेछ र यस दफा बमोजिमका उद्योगहरु मात्र यस ऐन बमोजिम दर्ता, नविकरण, नियमन र खारेजी गरिनेछ।

**(क) लघु उद्यमः** देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिने छः

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैयासम्मको स्थिर पुंजी भएको,

(२) उद्यमी स्वयम् उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) बार्षिक कारोबार पचाँस लाख रुपैया भन्दा कम रहेको र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन वा उपकरण वा मेशिनमा खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सो भन्दा कम रहेको ।

तर उपखण्ड (१) देखि (५) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय कानून बमोजिम स्वीकृति लिनु पर्ने उद्योगलाई लघु उद्यम मानिने छैन।

**(ख) घरेलु उद्योगः** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ ।

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधिमा आधारित,

(३) इन्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा १० किलोवाट सम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको,

(४) सङ्घीय कानून बमोजिम तोकिएका उद्योगहरु।

**(ग) साना उद्योगः** (१) खण्ड (क) र (ख) बमोजिमका लघु उद्यम तथा घरेलु उद्योग भन्दा बाहेकका दश करोडसम्म स्थिर पुँजी भएका उद्योगहरु साना उद्योग मानिनेछ।

(२) उपदफा (१) बमोजिमका उद्योगहरुलाई त्यस्ता उद्योगबाट उत्पादन हुने बस्तु तथा सेवाका आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछ।

**(क) उर्जामूलक उद्योगः** उर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची ३ बमोजिमका उद्योगहरु।

**(ख) उत्पादनमूलक उद्योगः** कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालबस्तु उत्पादन गर्ने उद्योगहरु ।

**(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योगः** कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै बस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित सङ्घीय कानूनले तोके बमोजिमका उद्योगहरु।

**(घ) खनिज उद्योगः** खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु।

(ङ) **निर्माण उद्योगः** भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने सङ्घीय कानुनले तोके बमोजिमका उद्योगहरु।

(च) **पर्यटन उद्योगः** पर्यटन सेवासँग सम्बन्धित सङ्घीय कानूनले तोके बमोजिमका उद्योगहरु।

(छ) **सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगः** सूचना सङ्कलन, प्रशोधन र प्रशासरणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने सङ्घीय कानूनले तोके बमोजिमका उद्योगहरु
।

(ज) **सेवामूलक उद्योगः** सेवा उत्पादन वा प्रदान गर्ने सङ्घीय कानूनले तोके बमोजिमका उद्योगहरु।

(३) कुनै उद्योगले उपदफा (१) मा उल्लेख भए बमोजिमको आफ्नो स्थिर पुँजी परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने अधिकारी समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने अधिकारीले त्यस्तो उद्योगको स्थिर पुँजी परिवर्तन वा हेरफेर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्थिर पुँजी परिवर्तन वा हेरफेर भएमा परिवर्तन वा हेरफेर भई कायम भएको स्थिर पुँजी अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई उद्योगको वर्गीकरणमा समावेश गरेमा सोही बमोजिम हुनेछ ।

१६. **उद्योगको स्थिर पुँजीः** (१) यस ऐनको प्रयोजनका लागि उद्योगको स्थिर पुँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तीलाई आधार मानी मूल्याङ्कन गरिनेछ ।

(क) जमिन वा जमिन मुनि (अन्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिन माथि निर्माण भएका भौतिक संरचना ( जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानी संरचना, पानी आपर्ति गर्ने प्रणाली)

(ग) उद्योग कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारको लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपुर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली

(च) मेशिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा

(छ) परिवहनका साधन,

(ज) कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्चर तथा फर्निचर

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तीका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पुँजीको रुपमा मूल्याङ्कन गरिनेछः

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरीवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च,

## परिच्छेद–४

## घरेलु तथा साना उद्योग प्रवर्द्धन समिति

**१७. घरेलु तथा साना उद्योग प्रवर्द्धन समिति गठनः** (१) नगरपालिका क्षेत्रमा घरेलु तथा साना उद्योगको प्रवर्द्धन, स्थापना, लगानी अभिवृद्धि, संरक्षण र विस्तार गरी औधोगिक विकास मार्फत आर्थिक विकास गर्ने

उद्देश्यले नगरपालिकामा तपसिल बमोजिमको एक घरेलु तथा साना उद्योग प्रवर्द्धन समिति रहनेछ ।

(क) नगर प्रमुख — अध्यक्ष

(ख) नगर उपप्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक — सदस्य

(ङ) नगर स्तरीय उद्योग बाणिज्य संघको प्रमुख / प्रतिनिधि — सदस्य

(च) नगर स्तरीय उद्योग संघको प्रमुख / प्रतिनिधि — सदस्य

(छ) नगर स्तरीय निर्माण व्यवसायी संघ/संस्थाको प्रमुख/ प्रतिनिधी — सदस्य

(ज) नगरपालिकाको कृषि शाखाको प्रमुख — सदस्य

(झ) नगरपालिकाको पशु शाखाको प्रमुख — सदस्य

(ञ) नगरपालिकाको विपद् तथा वातावरण शाखाको प्रमखु — सदस्य

(ट) नगरपालिकाको घरेलु तथा साना उद्योग सम्बन्धी शाखाको प्रमुख — सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा कुनै विषयसँग सम्बन्धित विज्ञ वा कुनै पदाधिकारीलाई

बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

(४) समितिले आफ्नौ बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

१८. **घरेलु तथा साना उद्योग प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा उल्लिखित अन्य काम कर्तव्यका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) औधोगिक प्रवर्द्धन, लगानीको संरक्षण, औधोगिकीकरण सम्बन्धी नीतिगत निर्णयका लागि कार्यपालिकामा सिफारिश गर्ने,

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) नगरपालिकाको समग्र औधोगिक विकाससँग सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रकृयागत संरचना एवम् कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न नगरपालिकालाई सिफारिश गर्ने।

(घ) प्रचलित कानूनको अधिनमा रही विदेशी लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्ने,

(ङ) औधोगिक प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, वातावरणीय दुश्प्रभाव न्युनीकरण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(च) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगहरुले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आईपरेमा सोको निराकरण गर्ने,

(छ) उद्योगीहरुको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई ध्यानाकर्षण गर्ने,

(ज) उद्योगको स्तर र वर्गीकरमा थपघट वा परिवर्तन गर्नु पर्ने भएमा संशोधनको लागि कार्यपालिकामा सिफारिश गर्ने,

(झ) उद्यम विकास र प्रवर्द्धनको लागि खोज, अनुसन्धान वा अध्ययन गर्नु पर्ने भएमा सिफारिश गर्ने,

(ञ) उद्योगबाट उत्पादित वस्तु तथा सेवाको गुणस्तर सुनिश्चत गर्न आवश्यक नीतिगत निर्णय गर्ने,

(ट) औधोगिक ग्राम स्थापनाका आधार र मापदण्ड निर्माण गरी कार्यपालिकामा सिफारिश गर्ने,

(ठ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औधोगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(ड) तोकिए बमोजिमको अन्य कार्यहरु गर्ने गराउने ।

(२) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि उद्योग व्यवसायमा प्रत्यक्ष असर पर्ने गरी कुनै नीति वा कानून तर्जुमा गर्दा वा संशोधन गर्दा कार्यपालिका मार्फत समितिको परामर्श लिनु पर्नेछ ।

(३) समितिको कुनै सदस्यको निजी सरोकार वा स्वार्थ जोडिएको विषयमा बैठकमा छफलफल हुँदा त्यस्तो सदस्यले उक्त बैठकमा भाग लिनु हुदैन ।

(४) उपदफा (३) बमोजिको अवस्था परेको भए सम्बन्धित सदस्यले सदस्य सचिव मार्फत समितिमा जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (३) विपरीत निर्णय भएको देखिएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ ।

१९. **गोपनीयता कायम राख्नु पर्नेः** समितिले आफ्नो कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै पनि सूचना अनधिकृत तबरले अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा कसैको लाभ वा नोक्सानीको लागि प्रयोग गर्नु वा गराउनु हुदैन।

## परिच्छेद–५

## उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

२०. **आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियतः** यस ऐन अन्तर्गत दर्ता भएको उद्योगले पाउने आयकर छुट, सुविधा वा सहुलियत सङ्घीय कानून बमोजिम हुनेछ।

२१. **मूल्य अभिवृद्धि कर र भन्सार महसुल सम्बन्धी छुट, सुविधा र सहुलियतः** यस ऐन अन्तर्गत दर्ता भएको उद्योगले पाउने मूल्य अभिवृद्धि कर र भन्सार छुट, सुविधा वा सहुलियत सङ्घीय कानून बमोजिम हुनेछ।

२२. **लघु उद्यम तथा घरेलु उद्योगका लागि अन्य सुविधा एवम् सहुलियतः** (१) अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका लघु उद्यम तथा घरेलु उद्योगका लागि देहाय बमोजिमको कर छुट दिईनेछ।

(क) कृषि र पशुपालनजन्य उत्पादनमुलक लघु उद्योगहरुलाई व्यावसयिक कर पुरै छुट दिईनेछ।

(ख) अपाङ्गता भएका व्यक्तिहरुको स्वामित्वमा रहेको लघु उद्योगहरुलाई व्यवसायिक कर पुरै छुट दिईने छ।

(ग) महिला उद्यमीले सञ्चालन गर्ने गरी दर्ता हुन आउने लघु उद्यमलाई पचाँस प्रतिशत दर्ता शुल्क छुट दिईनेछ।

(घ) महिला उद्यमी र विपन्न तथा सिमान्तकृत समुदायका व्यक्तिहरुले सञ्चालन गरेका उद्योगहरुलाई नगरपालिकाले निम्न ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था मिलाउन सक्नेछ।

२३. **औधोगिक ग्राममा सञ्चालन हुने उद्योगहरुलाई सुविध एवम् सहुलियतः** नगरपालिकाद्वारा व्यवस्थित गरिएको औधोगिकग्राममा सञ्चालन हुने उद्योगहरुलाई व्यवसाय करमा १५ प्रतिशत छुट दिईनेछ।

२४. **छुट, सुविधा तथा सहुलियतको प्रत्याभुतीः** (१) यस ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सिमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन।

(२) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन प्रारम्भ हुनु भन्दा अघी प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योग हरुले पाई रहेको छुट, सुविधा वा सहुलियतलाई निरन्तरता दिईनेछ।

२५. **छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुनेः** यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनको लागि दिईएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ र त्यसको दुरुपयोग गर्न पाईने छैन।

## परिच्छेद–६

## रुग्ण उद्योग सम्बन्धी व्यवस्था

२६. **रुग्ण उद्योगः** (१) उद्योगले आफ्ना व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिले पाँच बर्ष सञ्चालनमा रही

नियतबश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु बाहिरको परिस्थिति परी लगातार पछिल्ला तीन बर्षसम्म उद्योगको जडित क्षमताभन्दा तीस प्रतिशत वा सो भन्दा कम क्षमतामा सञ्चालन भई सो तीन बर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई तोकिए बमोजिमको मापदण्डका आधारमा तोकिए बमोजिमको कार्यविधि अपनाई नगरपालिकाले रुग्ण उद्योगको रुपमा पहिचान गर्न सक्नेछ ।

(२) रुग्ण उद्योगलाई दिईने छुट, सुविधा वा सहुलियत तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–७

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

२७. **सजाय सम्बन्धी व्यवस्थाः** (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा नगरपालिकाबाट अनुगमन गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाईएमा प्रथम पटकलाई बढीमा तीन महिनाको म्याद दिई दर्ता गराउन निर्देशन दिँदा समेत दिईएको म्यादभित्र दर्ता नगरी उद्योग सञ्चालन गरेको पाईएमा नगरपालिकाले देहाय बमोजिमको कारवाही गर्न सक्नेछ।

(क) त्यस्तो उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यम भए दश हजार रुपैया, घरेलु उद्योग भए बिस हजार रुपैया र साना उद्योग भए चालिस हजार रुपैयासम्म जरिवाना गर्ने,

(२) दफा १२ बमोजिमको विवरण नदिने वा तोकिएको समयमा नदिने उद्योगहरुलाई प्रत्येक आर्थिक बर्षको देहाय बमोजिमको कारवाही गरिनेछ।

(क) लघु उद्यमलाई पाँच हजार रुपैयाका दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रुपैयाका दरले र

(ग) साना उद्योगलाई बिस हजार रुपैयाका दरले।

(३) दफा २५ विपरित कार्य गर्ने उद्योगलाई यस ऐन बमोजिमको छुट, सुविधा वा सहुलियत नदिने वा त्यस्तो छुट, सुविधा वा सहुलियत प्राप्त गरिसकेको भए प्राप्त गरेको छुट, सुविधा वा सहुलियतको रकम असुल गर्ने र सो बराबर रकम जरिवाना गरिनेछ ।

(४) दफा ५ को उपदफा (६) बमोजिम उद्योग दर्ता गर्ने अधिकारीले समय समयमा दिएको निर्देशन वा उद्योग दर्ता प्रमाण पत्रमा उल्लिखित शर्तहरु पालना नगरेमा नगरपालिकाले देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः

(क) लघु उद्यमको हकमा पन्ध्र हजार देखि तिस हजार रुपैया सम्म

(ख) घरेलु उद्योगको हकमा तिस हजार देखि असी हजार रुपैया सम्म

(ग) साना उद्योगको हकमा पचाँस हजार देखि एक लाख रुपैया सम्म

(५) उपदफा (४) बमोजिम जरिवाना गर्दा समेत दफा ५ को उपदफा (६) बमोजिम उद्योग दर्ता गर्ने अधिकारीले समय समयमा दिएको निर्देशन वा उद्योग दर्ता प्रमाण पत्रमा उल्लिखित शर्तहरु पालना नगरेमा त्यस्तो उद्योगलाई निश्चित अवधिका लागि नगरपालिकाले उद्योग सञ्चालन बन्द गराउन वा त्यस्तो उद्योगको दर्ता वा अनुमति खारेज गर्ने आदेश दिन सक्नेछ।

(६) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको कुनै प्रावधान उल्लघन गरेमा नगरपालिकाले लघु उद्यम भए पाँच हजार देखि पन्ध्र हजार रुपैया र घरेलु तथा साना उद्योग भए पाँच हजार देखि तिस हजारसम्म जरिवाना गर्न सक्नेछ।

(७) यस ऐन बमोजिम सजाय गर्दा सजाय गरिने उद्योग वा व्यक्तिलाई कम्तिमा १५ दिनको सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

२८. **पुनरावेदन सम्बन्धी व्यवस्थाः** दफा २७ बमोजिम गरिएको सजाय उपर चित्त नबुझेमा सजायको जानकारी पाएको

मितिले पैंतिस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद–८

## विविध

२९. **औधोगिक जनशक्तिः** (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकहरुबाटै पूर्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रियस्तरको दैनिक पत्रिकामा समेत विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिक मध्येबाट उपलब्ध हुन नसकेमा सङ्घीय कानून बमोजिम त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ।

३०. **करार गरी उत्पाद गर्न सक्नेः** प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा फर्म आपसमा करार वा उप करार गरी बस्तु वा सेवाको उत्पादन गर्न सक्ने छन् ।

३१. **कोष सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले लघु, घरेलु तथा साना उद्योगको विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सबै कोष खडा गर्न सक्नेछ।

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष

(ख) जोखिम पूँजी कोष

(ग) प्रविधि विकास कोष

(घ) औधोगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोष

(ङ) रुग्ण उद्योग पुनरुत्थान कोष

(च) महिला उद्यमशीलता विकास कोष

(२) उपदफा (१) बमोजिमका कोषको सञ्चालन सम्बन्धी कार्यविधि नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

३२. **अधिकार प्रत्यायोजनः** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम उद्योग दर्ता गर्ने अधिकारीलाई प्राप्त अधिकार मध्ये कुनै वा सबै अधिकार आवश्यकता अनुसार कुनै अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३३. **बाधा अड्काउ फुकाउनेः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

३४. **अनुसूचीमा हेरफेर वा थप घट गर्न सक्नेः** कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ। तर, सङ्घीय कानून वा प्रदेश कानूनसँग बाझ्ने गरी त्यस्तो हेरफेर वा थप घट गर्न सकिने छैन।

३५. **नियम बनाउने अधिकारः** यस ऐनलाई कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

३६. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेः** नगर कार्यपालिकाले उद्योगको नियमनलाई सहज र

व्यवस्थित बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

तर सङ्घीय कानून वा प्रदेश कानूनले तोकेको व्यवस्था र मापदण्डसँग बाँझिने गरी निर्देशिका, कार्यविधि वा मापदण्ड बनाइने छैन।

अनुसूची -१

(दफा ५को उपदफा (१) सँग सम्बन्धित)

**कालिका नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**घरेलु तथा साना उद्योग विकास शाखा**

**रेडक्रसग्राम, चितवन**

**प्रदेश नं. ३, नेपाल**

**उद्योग/ व्यवसाय दर्ता प्रमाण-पत्र**

सञ्चालकको फोटो

उद्योग/ व्यवसाय दर्ता नं.

दर्ता मितिः

कालिका नगरपालिकाको औधोगिक व्यवसाय ऐन, २०७६ को दफा ३ बमोजिम निम्न अनुसारको विवरण भएको लघु उद्यम/ घरेलु उद्योग/ साना उद्योग / व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

१. उद्योग/व्यवसाय सञ्चालकको नामः

२. उद्योग/व्यवसायको नामः

३. उद्योग/व्यवसायको ठेगानाः

४. उद्योगको/व्यवसायको उद्देश्यः

५. उद्योगको/व्यवसायको कुल पुँजी :

(१) स्थिर पुँजी रु. -

(२) चालु पुँजी रु. -

६. उद्योगको वर्गः लघु / घरेलु / साना

७. उद्योग सञ्चालन हुने सिफ्ट संख्याः

८. उद्योगले उत्पादन गर्ने वस्तु वा सेवाको प्रकारः

९. व्यवसाय भए व्यवसायको प्रकृतिः

१०. व्यवसायले उत्पादन / विक्री गर्ने वस्तु वा सेवाको प्रकारः

११. आवश्यक विद्युत शक्तिः

१२. उद्योग/ व्यवसाय सञ्चालन दिन (प्रति वर्ष ):

१३. आवश्यक पर्ने जनशक्तिः

१४. उद्योग/ व्यवसाय सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार सुरु गर्नुपर्ने अवधिः

१५. उत्पादन/ कारोबार क्षमताः

१६. अन्यः

(दर्ता गर्ने अधिकारी)

नोटः उद्योगले पालना गर्नु पर्ने शर्तहरु यस प्रमाणपत्रको पछाडि उल्लेख गरिएको छ ।

## उद्योग/व्यवसायको पूँजी वृद्धि /क्षमता वृद्धि/नामसारी लगायतका अन्य निर्णयहरु

| क्र.सं. | निर्णयको व्यहोरा | प्रमाणित गर्नेको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**शर्तहरुः**

<u>प्रचलित कानूनमा तोकिएका अतिरिक्त उद्योगले देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछः</u>

१. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकहरुबाट पूर्ति गर्नु पर्नेछ। विदेशी जनशक्ति आवश्यक पर्ने भएमा प्रचलित श्रम ऐनको अधिनमा रही विदेशी जनशक्ति राख्न सकिनेछ।

२. उद्योगमा विदेशी पुँजी लगानी, प्रविधि उपभोग गर्नु परेमा संघीय कानून बमोजिम पूर्व स्वीकृति लिनु पर्नेछ।

३. अनुमति लिनु नपर्ने उद्योगको पुनरुत्थान, आधुनिकीकरण वा विस्तार गर्दा विभागको स्वीकृति लिनु पर्नेछ।

४. उद्योग चालु भएपछि नगरपालिकाको घरेलु तथा साना उद्योग विकास शाखामा वार्षिक प्रतिवेदन, कार्य प्रगति र उत्पादन विवरण सम्बन्धी मासिक/चौमासिक प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । मौसमी (सिजनल) वा अन्य कारणले बन्द रहेको भए कारण खुलाई सूचना दिनु पर्नेछ।

५. वातावरण सम्बन्धमा नगरपालिकाबाट दिईने निर्देशन तथा शर्तहरु पालना गर्नु पर्नेछ। उद्योगबाट निस्कने फोहोरलाई उचित व्यवस्थापन गर्नु पर्नेछ।

६. प्रदुषण नियन्त्रण सम्बन्धमा वन तथा वातावरण मन्त्रालय वा प्रदेश मन्त्रालय वा नगरपालिकाले तोकेको शर्तहरु र कार्यविधि अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

७. यस उद्योगको नाम पहिले दर्ता भएका कम्पनीको नाम, कसैको व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा नाम संशोधन गर्नु पर्नेछ

। यस उद्योगबाट उत्पादन गर्ने वा प्रदान गर्ने वस्तु वा सेवामा ट्रेडमार्क प्रयोग गर्ने भएमा प्रचलित औधोगिक सम्पत्ति सम्बन्धी कानून बमोजिम दर्ता गराएर मात्र प्रयोग गर्नु पर्नेछ।

८. उद्योगमा कार्यरत कर्मचारी वा श्रमिकलाई पारिश्रमिक दिँदा अनिवार्य रुपमा बैंक खाता मार्फत भुक्तानी दिनु पर्नेछ।

९. औधोगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता, २०६७ पालना गर्नु पर्नेछ।

१०.उद्योग वरिपरिका बासिन्दालाई हानी नोक्सानी नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ ।

११.उद्योगले बार्षिक कारोबारको आधारमा नगरपालिकाको नियमानुसार हरेक बर्ष व्यवसायिक कर  तिर्नु पर्नेछ।

अनुसूची -२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित )

<u>लघु उद्यम / घरेलु उद्योग दर्ताको लागि निवेदन</u>

श्री कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम,चितवन।

विषयः- लघु उद्यम / घरेलु उद्योग दर्ता गरी पाउँ।

महोदय,

मैले/हामीले देहाय बमोजिमको लघु / घरेलु उद्योग दर्ता गर्न चाहेकोले/लघु उद्यम/घरेलु उद्योग स्थापना गरी सञ्चालनमा ल्याएको हुनाले देहाय बमोजिमको विवरण र कागजात सहित उद्योग दर्ताको लागि यो निवेदन पेश गरेको छु/गरेका छौं।

१. उद्योगको नामः .................................................

२. उद्योग रहने स्थानः- ३ न .प्रदेश , चितवन जिल्ला , कालिका नगरपालिका वडा नं.............

३. पत्राचार गर्ने ठेगानाः

सम्पर्क नं.............फ्याक्स नं..........मोबाइल नं.............ईमेल ठेगाना.................

४. उद्यमीको नामः.................................

(एक जना भन्दा बढी उद्यमी भएमा)

मुख्य उद्यमी............................लगानीको हिस्सा.........प्रतिशत

अन्य उद्यमी...............लगानीको हिस्सा...................प्रतिशत

अन्य उद्यमी....................लगानीको हिस्सा............प्रतिशत

अन्य उद्यमी...............लगानीको हिस्सा...................प्रतिशत

अन्य उद्यमी.......लगानीको हिस्सा...................प्रतिशत

५. उद्योगको कानूनी रुपः □ निजी फर्म □ साझेदारी फर्म □ प्रा.लि.कम्पनी □ पब्लिक लिमिटेड कम्पनी

६. उद्योगको वर्गः □ उर्जामूलक उद्योग □ उत्पादनमूलक उद्योग □ खनिज उद्योग □ कृषि तथा वन पैदावरमा आधारित उद्योग □ निर्माण उद्योग □ सेवामूलक उद्योग □ पर्यटन उद्योग □ सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग

७. उत्पादन हुने वस्तु/सेवाः..............................................

८. बार्षिक उत्पादन क्षमताः..............................................

९. अनुमानित लगानी (क) स्थिर पुँजी रु......................(ख) चालु पुँजी रु........................

१०.उद्योग सञ्चालन हुने दिन प्रतिवर्षः..........................................

११.उद्योग सञ्चालनको लागि आवश्यक पर्ने विद्युत शक्तिको जडित क्षमताः...........................

१२.उद्योग सञ्चालनको लागि आवश्यक जनशक्तिः

पुरुष............महिला..............जम्मा..............

१३. उद्योग सञ्चालन हुने/सञ्चालन भएको

मितिः..........................

निवेदकः

हस्ताक्षर...........................

नाम,थरः...........................

ठेगानाः............................

फोन नं............................

मोबाइल नं.......................

फ्याक्स नं.

इमेलः.......................................

संलग्न कागजातहरुः

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपि

२. निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ताको प्रतिलिपि

३. उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण

४. निवेदन दिन प्रतिनिधि पठाएको भए अख्तियारी पत्र

५. साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदार वीचको सम्झौता पत्र

६. उद्योग रहने स्थानीय तह/ वडाको सिफारिस

७. संधियारहरुको मञ्जुरीनामा वा सर्जमिन मुचुल्का

८. जग्गा भाडा वा भवन भाडामा भएको भए सोको सम्झौता र घर वहाल तिरेको रसिद

९. उद्योग रहने जग्गा वा भवन आफ्नो नाममा नभएको तर अंशवण्डा लाग्ने भए र अन्य अंशीयार भए अंशीयारहरुको मञ्जुरीनामा

१०. अनुसूची ३ बमोजिमको परियोजना विवरण

११. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन आवश्यक पर्नि भएमा सोको स्वीकृत प्रतिवेदन

१२. अन्य कागजातहरुः

अनुसूची-३

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित )

<u>परियोजनाको विवरण</u>

१. उद्योगको नामः...............................................

२. उद्योग रहने स्थानः ३ न .प्रदेश,चितवन जिल्ला,कालिका नगरपालिका वडा नं..........

३. पत्राचारको ठेगाना र फोन नं. ........................................
सम्पर्क व्यक्तिको नामः..................................................

४. विशेष आर्थिक क्षेत्र/औधोगिक क्षेत्र /औधोगिक ग्रामको नामः................................

५. उद्योगको स्तरः ☐ लघु उद्यम ☐ घरेलु उद्योग ☐ साना उद्योग

६. उद्योगको कानूनी रुपः ☐ निजी फर्म ☐ साझेदारी फर्म ☐ प्रा.लि.कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

७. उद्योगको वर्गः ☐ उर्जामूलक उद्योग ☐ उत्पादनमूलक उद्योगी ☐ खनिज उद्योग
☐ कृषि तथा वन पैदावरमा आधारित उद्योग ☐ निर्माण उद्योग ☐ सेवामूलक उद्योग
☐ पर्यटन उद्योग ☐ सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग

८. (क) उद्योग सञ्चालन हुने दिन प्रति वर्षः...................
शिफ्टः-...................

(ख) उत्पादन हुने वस्तु वा सेवाको

विवरणः...........................................

| सि.नं. | वस्तु तथा सेवाको विवरण | वार्षिक क्षमता | एकाइ | विक्री मूल्य दर (रु.) | कुल विक्री मूल्य (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |

९.परियोजनाको लागत तथा लगानी स्रोतः

| विवरण | लगानी रु. | लगानी स्रोत | |
|---|---|---|---|
| स्थिर पूँजी | | | |
| चालू पूँजी | | | |
| कुल पूँजी | | | |

१०.स्थिर पूँजी विवरणः

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | जग्गा<br>क्षेत्रफल...................... | | |
| २ | भवन<br>क्षेत्रफल....................... | | |
| ३ | मेशिनरी उपकरण | | |
| ४ | फर्निचर फिक्चर्स,अफिस उपकरण | | |
| ५ | सवारी साधान | | |
| ६ | पूर्व सञ्चालन खर्च | | |
| ७ | अन्य | | |
| ८ | कुल स्थिर पूँजी | | |

११.चालू पूँजीको विवरणः

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | कच्चा पदार्थ (..............महिना/दिनको लागि) | |

| | | |
|---|---|---|
| २ | अर्ध तयारी वस्तु | |
| ३ | उधारो(................महिना/दिनको लागि) | |
| ४ | अन्य | |
| | कुल | |

१२.मेशिनको विवरणः

| सि.नं. | नाम | आवश्यक संख्या | मूल्य रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नोटः आवश्यक भएमा मेशिनको प्रयोजन र औचित्य बारे पुष्ट्याई पेश गर्नु पर्नेछ।

१३.उद्योगले प्रयोग गर्ने आवश्यक कच्चा पदार्थको विवरणः

| सि.नं. | कच्चा पदार्थ,सहायक | एकाइ | दर | वार्षिक आवश्यक | कुल |
|---|---|---|---|---|---|

| | कच्चा पदार्थ,प्याकिङ्ग सामग्रीको नाम | | | परिमाण | रकम |
|---|---|---|---|---|---|
| | | | | | |

१४.उद्योगलाई आवश्यक पर्ने विदेशी मुद्राः

कच्चा पदार्थको लागि वार्षिक परिणामका लागिः-......................

मेशिनको लागिः....................................................

अन्यः..................................................................

जम्माः.................................................................

१५.जनशक्ति विवरणः

| विवरण | स्वदेशी | विदेशी | कुल जम्मा |
|---|---|---|---|
| कर्मचारी(प्रशासनिक) | | | |

| | | | |
|---|---|---|---|
| कर्मचारी(प्राविधिक) | | | |
| कामदार उच्च दक्ष | | | |
| दक्ष | | | |
| अर्ध दक्ष | | | |
| अदक्ष | | | |
| जम्मा | | | |

१६.उद्योगमा प्रयोग हुने इन्धन तथा पानीः

| किसिम | वार्षिक परिमाण/क्षमता | एकाई | स्रोत |
|---|---|---|---|
| विद्युत शक्ति | | के.भि.ए. | |
| डिजेल | | कि.लि. | |
| LDO,फर्नेश आयल | | कि.लि. | |
| कोइला | | मे.टन | |
| धानको भुस | | मे.टन | |

| | | | |
|---|---|---|---|
| पानी | | लि. | |
| अन्य | | | |

१७.उद्योग सञ्चालनबाट प्रभावित हुन सक्ने वातावरणीय पक्षहरुः

| वातावरणीय अवयवहरु | दुरी/विवरण | प्रतिकूल असर | | प्रतिकूल असर न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|
| | | हुने | नहुने | |
| जलस्रोत | | | | |
| कृषिजन्य भूमि | | | | |
| वन स्रोत | | | | |
| मानव वस्ती | | | | |
| विद्यालय | | | | |
| अस्पताल वा स्वास्थ्य केन्द्र | | | | |
| धार्मिक/साँस्कृतिक सम्पदा | | | | |

| | | | | |
|---|---|---|---|---|
| अन्य(उल्लेख गर्ने) | | | | |

१८.मुख्य लगानी कर्ताको विवरणः

| | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| लगानी कर्ताको नाम | | | | |
| बाबुको नाम | | | | |
| बाजेको नाम | | | | |
| नागरिकता/राहदानी | | | | |
| पत्राचारको ठेगाना | | | | |
| फोन नं. | | | | |
| इमेल | | | | |
| लगानीको प्रतिशत | | | | |
| हस्ताक्षर | | | | |

१९. विदेशी लगानी वा प्रविधि हस्तान्तरण भएमा लगानीकर्ताको विवरणः

(क) नाम,थरः

(ख) मुलुकः

(ग) राहदानी नम्बरः

(घ) जारी भएको स्थानः

(ङ) बहाल अवधिः

(च) भिसा अवधिः

(छ) जारी गरेको स्थानः

(ज) अवधिः

(झ) मूल कम्पनीको आधिकारिक पत्रः भए / नभएको

पत्रचार गर्ने ठेगानाः

स्थानीय प्रतिनिधिको नाम र ठेगानाः

सम्पर्कः फोन

नं...............................फ्याक्सः...........................इमेलः......

<u>नोटः</u>

१. लगानीकर्ता कम्पनी भएमा सो कम्पनीको दर्ता प्रमाण पत्र,नियमावली र कम्पनीको मुख्य कार्यालय रहेको पुरा ठेगाना समेत खुलाउनु पर्नेछ।

२. वातावरण संरक्षण नियमावली,२०५४ को नियम ३र ६ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन गर्नु पर्ने भएमा सो सम्बन्धी प्रक्रिया पुरा गर्नु पर्नेछ।

३. विवरण फाराम पूर्ण रुपमा भरिएको हुनु पर्नेछ।

४. माथिका विभिन्न महलमा विवरण भर्ने ठाउँ प्रयाप्त नभएमा छुट्टै भरी पेश गर्न सकिनेछ।

५. व्यवसायिक उत्पादन वा कारोवार शुरु भएको मितिले तीन महिनाभित्र पुनःयो फाराम भरी विवरण अद्यावधिक गर्नु पर्नेछ।

आज्ञाले,
यज्ञ पुरी
प्रमुख प्रशासकीय अधिकृत